# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ३५२ | काठमाडौं | शनिबार, ८ वैशाख २०८१ | Prabhab National Daily | Saturday, April 20, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरू**

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।
- सर्पले टोकेका व्यक्तिलाई तुरून्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,

नेपाल सरकार
विज्ञापन बोर्ड


# मौसम पूर्वानुमान चुस्त बनाउँदै विभाग

## प्रणाली मर्मतका लागि विदेशी विज्ञको खोजी

■ **प्रगति ढकाल**

**काठमाडौं–** जल तथा मौसम विज्ञान विभागअन्तर्गतको सुर्खेतस्थित राडार बिग्रिएको करिब नौ वर्ष पुग्न लाग्यो । सन् २०१५ मा चटचाङका कारण बिग्रिएपछि मौसमी बम्लर राडार बिग्रिएको थियो । तर अहिलेसम्म विज्ञको अभावमा मर्मत हुन नसकेको विभागले जनाएको छ ।

विभागका अनुसार हाल नेपालमा तीन स्थानमा मौसमसम्बन्धी जानकारी दिने राडार छन् । सोहीमध्येको सुर्खेतको राडार बिग्रिएपछि हाल बाँकी दुई वटामात्रै सञ्चालनमा छन् । विभागका महानिर्देशक डा. जगदीश्वर कर्माचार्यले उक्त राडार मर्मतका लागि बोलपत्र आह्वान भए पनि विज्ञ अहिलेसम्म भेटिएको छैन । 'पहिले एकपटक बोलपत्र आह्वान गरेका थियौं तर त्यो समयमा कसैको आवेदन परेन, अहिले फेरि बोलपत्र खुलाउने तयारी छ,' उनले भने ।

उनका अनुसार नेपाली विज्ञले मर्मत गर्न नसकेपछि विदेशी विज्ञको खोजी भइरहेको छ । 'यसपटक केही सर्तहरू परिवर्तन गरे बोलपत्र आह्वानको तयारी भइरहेको छ,' उनले भने । उनका अनुसार सो राडार मर्मत गर्न १९ करोड रूपैयाँ लाग्ने अनुमान गरिएको छ । राडार मर्मतका लागि छनोट भएको विज्ञ समूहले कम्तीमा पनि साढे दुई वर्षसम्मको जिम्मा लिनुपर्ने हुन्छ । उनले भने, 'यी राडारले २०० किलोमिटर माथिसम्मको हावाको गति थाहा पाउने र पानी पर्छ कि पर्दैन ? भन्ने पूर्वानुमान गर्न सहज हुनुका साथै वायुमण्डलको हावामा हिउँको मात्रा थाहा पाउन सहज हुन्छ ।'

त्यतिमात्रै होइन, चटचाङ पूर्वानुमान गर्न सहज गर्ने माध्यम 'लाइटिङ नेटवर्क स्टेसन' पनि बिग्रिएको अवस्थामा छ । सो मर्मतका लागि विदेशी विज्ञकै आवश्यकता पर्ने उनको भनाइ छ । कर्माचार्यका अनुसार हाल नेपालमा यस्ता स्टेसन नौ वटा छन् । 'यी स्टेसनले २० मिनेटअघि कुन स्थानमा चटचाङ पर्दै छ भन्ने कुरा जानकारी दिन सहयोग पुग्ने छ । साथै चटचाङसम्बन्धी पूर्वसूचना प्रवाह गरेर जनताको जीउ धनको सुरक्षा गर्न सहयोग पुग्ने हुन्छ,' उनले भने, 'तर यसको पनि एकीकृत प्रणालीमा समस्या आएपछि अहिले यो प्रणाली पनि नचलेको अवस्थामा छन् । जसले गर्दा हाल नेपालको आफ्नै चटचाङका घटना पूर्वानुमान गर्ने यन्त्र नै सञ्चालनमा छैन ।'

उक्त स्टेसन मर्मत गर्नका लागि पनि विदेशी विज्ञविना सम्भव नहुने भए नहुने उनको भनाइ छ । यसका लागि दुई करोड रूपैयाँ लाग्ने कर्माचार्यको अनुमान छ । स्वदेशी स्टेसन सञ्चालन नभएपछि यसका लागि छिमेकी मुलुकको सहयोग लिनुपर्ने अवस्थामा रहेको उनले सुनाए । 'नेपालमा चटचाङको अवस्था थाहा पाउनका लागि हामीले 'साउथ एसियन लाइटिङ नेटवर्कसँग' समन्वय गरिरहेका छौं । यस नेटवर्कमा नेपालकोतर्फबाट श्रीराम शर्मा हुनुहुन्छ ।

(क्रमशः पृष्ठ २ मा)



अब आगामी सात दिनसम्मको मौसम पूर्वानुमान गर्ने तयारी भइरहेको छ । विश्वव्यापी मोडलअनुसार अगाडि बढ्नुपर्ने भएकाले क्षेत्रीयस्तरमा सहकार्य गरेर अगाडि बढ्ने सोच बनाएका छौं ।

■ **डा. जगदीश्वर कर्माचार्य**
महानिर्देशक, जल तथा मौसम विज्ञान विभाग



मौसमजन्य घटनाका पूर्वानुमान गर्ने स्टेसन पर्याप्त छैनन्, खासगरी उच्च हिमाली क्षेत्रमा धेरै कम छन् । उच्च हिमाली भेगमा यस्ता स्टेसन जरूरी छ ।

■ **दीपक केसी**
जलवायुविद्

# सत्ता गुमेपछि कांग्रेसको गनगन




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रतिनिधिसभामा नेपाली कांग्रेस सबैभन्दा ठूलो दल हो । २०७९ को निर्वाचनबाट ८९ सिटसहित पहिलो दल बनेको कांग्रेस सत्ता गुमेपछि अहिले मुद्दा मामिलामा लागेको छ । निर्वाचनपछि नेतृत्वका लागि तयार कांग्रेस सभापति शेरबहादुर देउवा २०७९ पुस १० मा जिल्ल परेका थिए, किनकि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल बालकोट पुगेर एमालेसँग एकता गरे ।

पछि कांग्रेसले माओवादीलाई मनाएर राष्ट्रपति आफ्नो पोल्टामा पारे । अहिले रामचन्द्र पौडेल राष्ट्रपति छन् । त्यसपछि भने एक वर्ष बित्नसाथ प्रधानमन्त्री दाहालले गत फागुन २० गते एमालेको काँध चढे । त्यसपछि सडकमा पुगेको कांग्रेस केन्द्रदेखि प्रदेशसम्म मुद्दामामलामा उत्रेको हो ।

### कांग्रेसको विरोध कहाँ–कहाँ ?

प्रमुख प्रतिपक्षी बनेको कांग्रेसले अहिले केन्द्रबाट मुद्दा मामला थालेको छ । सहकारी ठगी प्रकरणमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको संलग्नताबारे छानबिन अहिले कांग्रेसको मूल मुद्दा बनेको छ । कांग्रेसले यही प्रकरणलाई लिएर संसदीय छानबिन समिति माग्दै तारन्तर ससद् बैठक अवरोध गरेपछि हिउँदे अधिवेशन नै अन्त्य गरिदिएका छन्, सभामुख देवराज घिमिरेले ।

छानबिन समिति गठन नभए बजेट अधिवेशन आह्वानसमेत रोकिने छनक कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले दिएका छन् । शुक्रबार पार्टी हेडक्वाटर सानेपामा पत्रकार सम्मेलन गर्दै पूर्वअर्थमन्त्रीसमेत रहेका डा. महतले भने, 'संसदीय समिति गठन नभए गाह्रो पर्न सक्छ ।' सहकारी प्रकरणमा गृहमन्त्री लामिछाने दोषी पुष्टि भइसकेको र सत्तारुढ दलका शीर्ष नेताहरूसमेत अब बचाउमा उत्रन नसकेको महतको दाबी छ ।

उपप्रधान तथा गृहमन्त्री लामिछानेले भने सत्ता गुम्नासाथ कांग्रेसमा छटपटी देखिन थालेको तर्क गरेका छन् । 'भर्खरै केही साथीहरू प्रतिपक्षमा पुग्नुभएको छ । प्रतिपक्षमा पुग्नेबित्तिकै बर्बादै भयो, सकियो, आफ्ना कैयौं चिज थाहा हुने भयो भनेर अलिअलि बर्बराउन थाल्नुभयो होला । अलिअलि गनगन गर्न थाल्नुभयो होला,' इलाम-२ को लारुम्बामा चुनावीसभालाई सम्बोधन गर्दै शुक्रबार लामिछानेले भने ।

संसदीय छानबिन समिति बने सत्ता गठबन्धन धरापमा पर्ने बुझाइ कांग्रेसको छ । कांग्रेस प्रवक्ता महतले दाहाल नेतृत्वको सरकार छिट्टै पतन हुने दाबीसमेत गरे । 'अप्राकृतिक गठबन्धन छ । त्यहाँ एक अर्काप्रति विश्वास छैन । त्यहाँ विश्वासको रत्तिभर पनि अंश छैन । अवसर छोप्नका लागि बनेको गठबन्धन हो,' महतले भने, 'त्यसैले आफ्नै बोझ, अविश्वास, विरोधाभासको बीचमा यो गठबन्धन बनेको छ । त्यही बोझले नै यसको पतन हुन्छ । छोटै समयमा पतन हुने निश्चित छ ।'

### प्रदेशमा उस्तै मुद्दामामला

कोशी र मधेसमाबाहेक कांग्रेस अरू पाँच प्रदेशमा पहिलो पार्टी हो । तर माओवादीले साथ छाडेसँगै सबै प्रदेशबाट धमाधम कांग्रेसले सत्ताबाट हात धुनुपरेको छ । कोशीका मुख्यमन्त्री केदार कार्की संविधान त आफू अझै दुई वर्ष प्रधानमन्त्री हुने ठोकुवा गर्दै उल्झन्मा बसेका छन् ।

(क्रमशः पृष्ठ २ मा)



भर्खरै केही साथीहरू प्रतिपक्षमा पुग्नुभएको छ । प्रतिपक्षमा पुग्ने बित्तिकै बर्बादै भयो, सकियो । आफ्ना कै यौं चिज थाहा हुने भयो भनेर अलिअलि बर्बराउन थाल्नुभयो होला । अलिअलि गनगन गर्न थाल्नुभयो होला

■ **रवि लामिछाने**
उपप्रधान तथा गृहमन्त्री



अप्राकृतिक गठबन्धनमा एक अर्काप्रति विश्वास छैन । अवसर छोप्नका लागि बनेको गठबन्धन हो । त्यसैले आफ्नै बोझ, अविश्वास, विरोधाभासको बीचमा यो गठबन्धन बनेको छ । त्यही बोझले नै यसको पतन हुन्छ । छोटै समयमा पतन हुने निश्चित छ

■ **डा. प्रकाशशरण महत**
प्रवक्ता, नेपाली कांग्रेस

**सन्दर्भः वैदेशिक रोजगार**

# चैतमा ७१ हजारले लिए श्रम स्वीकृति

## रोजगारीका लागि नौ महिनामा साढे पाँच लाख नेपाली विदेशिए

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्षको नौ महिनामा वैदेशिक रोजगारीमा जान करिब साढे पाँच लाख जनाले श्रम स्वीकृति लिएका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको पछिल्लो तथ्यांकअनुसार गत साउनदेखि चैत मसान्तसम्मको अवधिमा पाँच लाख ४२ हजार १४३ जनाले श्रम स्वीकृति लिएका हुन् ।

विभागका अनुसार चैतमा मात्रै ७० हजार ९३३ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । उक्त महिना श्रम स्वीकृति लिनेमा ६४ हजार २४१ जना पुरुष र छ हजार ६९२ जना महिला रहेको वैदेशिक रोजगार विभागका निर्देशक एवं सूचना अधिकारी कविराज उप्रेतीले जानकारी दिए ।

उनले भने, 'श्रम स्वीकृति लिनेमध्ये १३ हजार ३७३ जना अदक्ष अर्थात् सीप नभएका, ५१ हजार ३२८ जना सीप भएका, पाँच हजार ६८४ जना अर्धदक्ष, ४८२ जना व्यवसायिक दक्षता र ६६ जना उच्च दक्ष भएका छन् ।'

विभागको तथ्यांकअनुसार चैतमा सबैभन्दा बढी युएईका लागि श्रम स्वीकृति लिएका छन् । युएईमा १७ हजार ८१८ जना नेपाली श्रम स्वीकृति लिएर रोजगारीका पुगेका छन् । पछिल्लो समय वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिने नेपालीहरूको संख्याका आधारमा युएई अग्रस्थानमा रहँदै आएको छ । युएई पछि साउदी अरेबिया, कतार, मलेसियालगायत मुलुक रहेका छन् । यसअघि मलेसियामा जाने कामदार धेरै हुने गर्दथ्यो ।

चैत महिनामा साउदी अरेबिया जान १३ हजार ६४१ जना, कतारमा ११ हजार २४, मलेसियामा १२ हजार ६०२ जना, कुवेतमा चार हजार ७६ जना र बहराइनमा ९६४ जना पुगेका छन् ।

यसैगरी रोमनियामा दुई हजार २९९ जना, क्रोएसियामा ९६० जना, साइप्रसमा ७८१ जना, जापानमा एक हजार ३५१ जना, माल्दिभ्समा ४९३ जना, मौरिससमा ६२० जना र दक्षिण कोरियामा ६५७ जना रोजगारीका लागि गएका विभागको तथ्यांकमा देखिएको छ ।

मंसिरमा सबैभन्दा धेरै

चालु आर्थिक वर्षको नौ महिनामध्ये मंसिरमा सबैभन्दा उच्च संख्यामा श्रम स्वीकृति लिएको तथ्यांक छ । मंसिरमा ७१ हजार २७६ जनाले श्रम स्वीकृति लिएका थिए । मंसिरपछि चैतमा श्रम स्वीकृति लिनेको संख्या ७० हजार नाघेको छ ।

यसैगरी चालु आवको साउनमा ५५ हजार ५७५, भदौमा ५० हजार ८८४, असोजमा ५६ हजार २३५, कात्तिकमा ४३ हजार ६२२, पुसमा ६५ हजार ८१३, माघमा ६२ हजार १४७ र फागुनमा ६५ हजार ६५८ जनाले श्रम स्वीकृति लिएर विदेश गएका विभागको तथ्यांकमा उल्लेख गरिएको छ ।

**श्रम स्वीकृतिको मासिक विवरण**

| महिना | संख्या |
|---|---|
| साउन | ५५,५७५ |
| भदौ | ५०,८८४ |
| असोज | ५६,२३५ |
| कात्तिक | ४३,६२२ |
| मंसिर | ७१,२७६ |
| पुस | ६५,८१३ |
| माघ | ६२,१४७ |
| फागुन | ६५,६५८ |
| चैत | ७०,९३३ |
| **जम्मा** | **५,४२,१४३** |

स्रोतः वैदेशिक रोजगार विभाग





**जनहितमा जारी सन्देश**

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
डेंगी

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीको लक्षणहरू: उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।

**डेंगीबाट बच्ने उपायहरू**

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।

आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।

दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।

बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।

पूरै शरिर ढाक्ने लुगा लगाउने ।

**लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### सत्ता गुमेपछि...

सत्ता गठबन्धनले संसद्मा संकल्प प्रस्ताव दर्ता गरेर वैशाख २५ भित्र विश्वासको मत लिन नभए सत्ता छाड्न भनिसकेका छन् । गत चैत २६ गते मुख्यमन्त्री कार्कीलाई दिएको समर्थन फिर्ता लिँदै ५२ जना सांसदहरूले प्रदेश प्रमुखलाई निवेदन दिएका थिए । सोही दिन ५२ सांसदले नै प्रदेशसभाको अधिवेशन बोलाउन पनि प्रदेश प्रमुखलाई निवेदन दिएका थिए ।

गण्डकीमा सुरेन्द्रराज पाण्डेले आफूलाई नै मुख्यमन्त्री बनाउन माग गर्दै सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए । उक्त मुद्दामा सर्वोच्चले चैत २८ गते अन्तरिम आदेश जारी गर्दै एमालेबाट मुख्यमन्त्री बनेका खगराज अधिकारीलाई दीर्घकालीन निर्णय नगर्न भनेको छ । यसको पूर्णपाठ वैशाख १० गतेका लागि तोकेको छ ।

सर्वोच्चले दीर्घकालीन निर्णय नगर्न आदेश दिए पनि अधिकारीको सरकारले प्रदेशसभा अधिवेशन बोलाएपछि कांग्रेसले यसको विरोध जनाएको थियो । शुक्रबार ३ बजेका लागि बोलाएको अधिवेशन कांग्रेसले बहिस्कार गरेपछि अनिश्चितकालका लागि स्थगित भएको छ । कांग्रेस केन्द्रले समेत यसको विरोध गरेको थियो । 'प्रदेश प्रमुखहरूबाट आफूलाई हुँदै नभएको अधिकार प्रयोग गरी संविधानको मर्म र भावनाको उल्लंघन तथा सर्वोच्च अदालतको आदेशको अवज्ञा गर्ने रवैयाप्रति नेपाली कांग्रेस घोर आपत्ति प्रकट गर्दछ । यसबीच गण्डकी प्रदेशसभाको अधिवेशन आह्वान गरेर प्रदेश प्रमुख र प्रदेश सरकारले संविधान र सर्वोच्च अदालतको आदेशको थप उल्लंघन गरेका छन्,' कांग्रेस प्रवक्ता डा. महतले सानेपामा पत्रकार सम्मेलनमा भने ।

यता सुदूरपश्चिम सरकार गठनमा पनि कांग्रेसले विरोध जनाएको छ । कांग्रेसले यहाँ नागरिक उन्मुक्तिका लक्ष्मणकिशोर चौधरीलाई मुख्यमन्त्रीको उम्मेदवार बनाएको थियो । तर सुरुमै दाबी पुगेर दुई दिन प्रदेश प्रमुख नजिर मियाँले कुनै निर्णय नगर्दा पनि मौन बसेको कांग्रेस अहिले भने विरोधमा उत्रेको हो । 'सुदूरपश्चिम प्रदेशमा सरकार गठन गर्ने क्रममा संविधानको धारा १६८(२) बमोजिम संविधानसम्मत गरिएको दाबीलाई खारेज गरी प्रदेश प्रमुखबाट वदनीयतपूर्ण ढंगमा फेरि सरकार आह्वान गर्नु असवैधानिक कदम हो,' पत्रकार सम्मेलनमा महतले भने, 'संविधानले प्रदेश सरकार गठन गर्ने सन्दर्भमा प्रदेश प्रमुखलाई विशेष अधिकार प्रयोग गर्ने छुट दिएको छैन, न त प्रदेश प्रमुखले कुनै पार्टी विशेषको निर्देशनमा काम गर्ने अधिकारको कल्पना गरिएको छ ।'

जबकि कांग्रेस सभापति देउवाले एमालेले नसघाए एकीकृत समाजवादीका दीर्घ सोडारीलाई कांग्रेसले सघाउने वचन दिएका थिए । उनै सोडारी अहिले सुदूरपश्चिमका मुख्यमन्त्री नियुक्त भइसकेका छन् । अहिले भने सोडारीको नियुक्तिलाई कांग्रेसले विरोध जनाएर दोधारे प्रवृत्ति देखाएको हो । 'मुख्यमन्त्रीका लागि प्रस्तावित सांसदका विषयमा समर्थन र समर्थन फिर्ताको जुन प्रपञ्च रचिएको छ, यसले संसदीय पद्धति र संघीय व्यवस्थाप्रति एकखालको निराशा उत्पन्न गरेको छ । संवैधानिक सीमामा रहनुपर्ने प्रदेश प्रमुखको राजनीति प्रेरित यो रवैयाप्रति घोर आपत्ति जनाउँदै यस्ता गैरसंवैधानिक क्रियाकलापलाई राजनैतिक र कानुनी रूपमा नेपाली कांग्रेस विरोध गर्दछ,' महतले सानेपामा भने ।

■■■

### मौसम पूर्वानुमान ....

भारतीय मौसम विज्ञान विभाग र स्याटालाइटको सहायताबाट हाल चटचाङको जानकारी लिइरहेका छौं,' उनले भने, 'हाम्रो प्रणाली सुधार नहुञ्जेल यसैगरी चटचाङसम्बन्धी पूर्वानुमान गर्नेछौं । तर जतिसक्दो छिटो हामी प्रणाली सुधारमा लागिरहेका छौं ।'

त्यसैगरी मौसमी बेलुनमा समस्या देखिएको पनि धेरै भइसकेको छ । जल तथा मौसम विज्ञान विभाग र त्रिभुवन विश्वविद्यालय, जल तथा मौसम विज्ञान केन्द्रीय विभागको संयुक्त सहकार्यमा २०७५ असार ६ गतेदेखि कीर्तिपुरबाट मौसमी बेलुन उडाइएको थियो । त्यसदिनदेखि नियमितरूपमा बिहान ५:३० बजे यस्ता बेलुनहरू सोही स्थानबाट उडाइने विभागले प्रतिबद्धता जनाएको थियो ।

विश्व मौसम संगठनका अनुसार मौसम तथ्यांक लिन दिनमा दुईपटक मौसमी बेलुन उडाउनुपर्ने हुन्छ । तर बजेट अभाव कारणले दिनमा एकपटक उठाउँदै आइएको मौसमी बेलुन हाल दैनिक एकपटक पनि उडाउन सकिएको छैन । 'एकपटक बेलुन उडाउँदा दैनिक ५० हजार रूपैयाँका दरले मासिक १५ लाख रूपैयाँ लागत लाग्छ । दुईपटक उडाएमा मासिक ३० लाख रूपैयाँ खर्च हुन्छ,' महानिर्देशक कर्माचार्यले भने, 'बेलुनलगायतका आवश्यक सामग्री किन्न दैनिक ५० हजार खर्च हुन्छ, किनभने एकपटक उडाइसकेको बेलुन काम लाग्दैन ।'

उक्त बेलुन जमिनभन्दा २० किलोमिटर माथिसम्म पुग्छ । हाइड्रोजन ग्यास भरिएका यस्ता बेलुनमाथि बढ्दै जाँदा न्यून हावाको चापका कारण फुक्दै जाने र एउटा उचाइमा पुगेपछि फुट्छन् । 'बेलुनमा जडित 'सेन्सर'ले नियमित रूपमा मौसमी तथ्यांक पठाउने गर्दछ,' उनले भने, 'बेलुन झर्दा त्यसमा झुण्डाइएको प्यारासुटका माध्यमबाट बिस्तारै झर्ने हुँदा जोखिम अत्यन्त कम हुन्छ ।'

माथिल्लो वायुमण्डलको मौसमी सूचना मौसम पूर्वानुमानका लागि उपयोगी हुने र पूर्वानुमान अझ भरपर्दो हुने उनको भनाइ छ । यसो गर्दा वायुमण्डलको आग्रता, वायुको गति, दिशा थाहा हुँदा मौसम पूर्वानुमानमा सहयोग पुग्ने उनले बताए । वित्त स्रोतको अभावका कारण निरन्तर रूपमा बेलुन उडाउन असहज भएको र अब यसलाई निरन्तरता दिने तयारी भइरहेकोसमेत उनले जानकारी दिए । 'हाल बेलुन सकिएकाले उडाउन सकिएको थिएन,' कर्माचार्यले भने, 'आगामी जेठभित्र फेरि बेलुन उडाउने गरी तयारी अगाडि बढाएका छौं । यो सञ्चालन नहुँदा माथिल्लोस्तरको वायुमण्डलको अवस्था थाहा नहुने र मौसम पूर्वानुमान गर्नसक्ने क्षमतामा ह्रास आउँछ ।'

उक्त बेलुन धनगढीमा पनि राख्नेगरी छलफल अगाडि बढिरहेको उनले जानकारी दिए । उनका अनुसार यस विषयमा विश्व मौसम संगठनसँग छलफल भइरहेको छ । विश्वको जलवायुको अवस्था थाहा पाउन नेपालको पनि तथ्यांक उत्तिकै महत्त्वपूर्ण हुन्छ । 'जनशक्तिको अभावमा यस्ता मनसुनजन्य विपत्तिको पूर्वसूचना प्रभावकारी रूपमा दिन सकिरहेका छैनौं । यसकारण हामीले दरबन्दी संरचना पनि परिवर्तन गरेर अगाडि बढ्ने योजना बनाएका छौं,' उनले भने ।

उनका अनुसार हिम स्वचालित केन्द्रको पनि विकास गर्ने योजना छ । 'यसले हिमालको तापक्रमको अवस्था थाहा पाउन सहयोग गर्नेछ । उच्च हिमाली क्षेत्रमा २० वटा स्थानमा केन्द्र स्थापना गर्न जरुरी छ । दुई स्थानमा जडान भइरहेको अवस्था छ,' उनले भने ।

कर्माचार्यका अनुसार एउटा उपकरण जडानका लागि करिब ११ करोड रूपैयाँ खर्च हुन्छ । जलवायु परिवर्तनको असर हिमाली क्षेत्रमा पर्दै गइरहेको अवस्थामा यो थाहा पाउन हिम स्वचालित केन्द्र स्थापना गर्न आवश्यक रहेको बताउँछन्, जलवायुविद् तथा युएनडिपी नेपालका जलवायु विश्लेषक दीपक केसी ।

'मौसमजन्य घटनाका पूर्वानुमान गर्ने स्टेसन पर्याप्त छैनन्, खासगरी उच्च हिमाली क्षेत्रमा धेरै कम छन्,' उनले भने, 'उच्च हिमाली भेगमा यस्ता स्टेसन जरुरी छ । नेपालको जलवायुको मुद्दालाई पर्वतीय क्षेत्रसँग जोडेर बहस चलिरहँदा वैज्ञानिक प्रमाण अन्तर्राष्ट्रिय मञ्चमा पेस गर्नका लागि पनि हिमाली क्षेत्रमा मौसमी राडार जडान जरुरी छ ।'

महानिर्देशक कर्माचार्यले त्यसका साथै अब आगामी एक सातासम्मको मौसम पूर्वानुमान गर्ने पनि तयारी भइरहेको बताए । हाल तीन दिनसम्मको मात्रै पूर्वानुमान हुने गरेकामा त्यसलाई बढाएर सात दिन पुऱ्याउने तयारी भइरहेको उनको भनाइ छ । उनले भने, 'हामीले विश्वव्यापी मोडलअनुसार अगाडि बढ्नुपर्ने भएकाले, प्राविधिक र वित्तीय स्रोतको अभाव भएकाले क्षेत्रीयस्तरमा सहकार्य गरेर अगाडि बढ्ने सोच बनाएका छौं ।'

आवश्यकतानुसारको वित्तीय स्रोतको अभावका कारण नयाँ प्रणालीहरूको विकास हुन नसकेको उनको भनाइ छ । कर्माचार्यले मौसम पूर्वानुमानका लागि अन्य विकसित प्रणालीको उपयोग गर्ने विषयमा पनि छलफल चलिरहेको बताए । विगतमा बाढीको पूर्वसूचना दिने गरिए पनि अन्य विपत्जन्य घटनाको पूर्वसूचना दिन नसकिएको भन्दै आगामी दिनमा त्यसको पनि तयारी भइरहेको उनले जानकारी दिए ।

'विषेशगरी हामीले बाढीसम्बन्धी मात्रै पूर्वसूचना उपलब्ध गराउँदै आएका छौं । तर अबदेखि पहिरो, हिमपहिरोको, लु, वन डडेलो, हावाहुरी, भारी वर्षा, चटचाङ, शीतलहरलगायतका १२ किसिमका विपद्को पूर्वानुमान गरी एसएमएसमार्फत सन्देश प्रवाहको तयारी गरिरहेका छौं,' कर्माचार्यले भने । उनका अनुसार टेलिकम कम्पनी एनसेलले विभागसँगको सहकार्यमा सन् २०१६ देखि बाढीको पूर्वसूचना प्रवाह गर्न निःशुल्क एसएमएस सेवा दिँदै आएको छ ।

यसअघि एनसेलसँग मात्रै यसप्रकारको सम्झौता भएकामा अब नेपाल टेलिकमसँग पनि सोसम्बन्धी सम्झौताको तयारी भइरहेको कर्माचार्यको भनाइ छ । 'पूर्वसूचना प्रवाहकै कारण मनसुनजन्य विपद्बाट हजारौं मानिसको ज्यान जोगिएको छ, आर्थिक क्षति पनि कम भएको छ,' कर्माचार्यले भने, 'पूर्वसूचना प्रणालीलाई अझ भरपर्दो र विश्वसनीय बनाउँदै लैजाने छौं ।'

उनले मौसममा आधारित जोखिमबाट हुने धनजनको क्षति कम गराउन पूर्वसूचना प्रणाली तथा प्रवाहका लागि तीनवटै तहका सरकार, विभिन्न सरोकारवाला निकायबीच सहकार्य गरी अगाडि बढ्न आवश्यक रहेको बताए । उनका अनुसार हाल नेपालमा बाढीसम्बन्धी पूर्वसूचनाका लागि १९ वटा प्रणाली र १७० स्टेसन छन् । 'रियल टाइम' मौसम मापन गर्ने स्टेसन भने २९० रहेको उनको भनाइ छ ।

जलवायु तथा विपद् व्यवस्थापनविद् डा. धर्मराज उप्रेती पूर्वसूचना प्रणालीलाई भरपर्दो र विश्वसनीय तथा थप प्रभावकारी बनाउनसकेमा मनसुनजन्य घटनाबाट बर्सेनि हुने क्षति कम गर्न सहयोग पुग्ने बताउँछन् । 'अहिले उपलब्ध पूर्वसूचनाका प्रणाली पर्याप्त छैनन् । अब पूर्वसूचना प्रणालीमा राज्यको लगानी बढाउन आवश्यक छ,' उनले भने, '२८ घण्टाअघि नै पूर्वसूचना दिनसकेमा विपद्बाट हुनसक्ने क्षति ४० प्रतिशतसम्म कम गर्न सहयोग पुग्छ । सूचना प्रवाह ढिलो हुँदा सुरक्षित रहन तयारी अभाव हुनाले समयमै सूचना उपलब्ध जरुरी छ ।' *रासस*


## सोलुदुधकुण्ड नगरपालिका

ཨཱ།།སོ་ལུ་དུད་ཀུན་ལྷོ་གྲོང་སྡེའི་ལས་ཁུངས།

**नगर कार्यपालिकाको कार्यालय**

सल्लेरी, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति: २०८१/०१/०८)

यस कार्यालयबाट निम्न बमोजिमको कार्य गर्नका लागि मिति २०८०।१२।०२ गते प्रकाशित सूचना अनुसार तोकिएको म्यादभित्र विद्युतीय खरिद प्रणाली मार्फत पेश हुन आएका बोलपत्रहरूको मूल्याङ्कन हुँदा तुलनात्मकरुपमा सबैभन्दा न्यून भएका तपसिलको बोलपत्र सारभूतरूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित बोलपत्रदाता तथा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र सूचना नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम |
|---|---|---|---|
| ठेक्का नं. 06-Works/NCB -SDM-2080/081 | फाप्लु-सल्लेरी-दोर्पु खानेपानी निर्माण | Himal Constructions धनगढी उपमहानगरपालिका-२ कैलाली | रु. ८५,७३,८०६।८५ (पचासी लाख त्रिहत्तर हजार आठ सय छ रपैयाँ पचासी पैसा) (मु.अ.कर तथा PS Item बाहेक) |



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ASMAA SAUD SAAD AL RASHIDI CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति २०८०/१२/२७ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/०७ | LT. No. 303244 | चलानी नं. ६०२१८०७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 3 | 0 | 1800 | ६३,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : MOHAMMED OTHMAN AL-ABDULKARIM CONTRACTING EST**

पूर्व स्वीकृति मिति २०८०/११/१० | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/०७ | LT. No. 300380 | चलानी नं. ६०२१५२९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 9 | 0 | 1800 | ६३,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : RABOUA AL-SAMMAN CONTRACTING EST**

पूर्व स्वीकृति मिति: २०८०/१२/१६ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/०७ | LT. No. 302826 | चलानी नं. ६०२१७६०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 5 | 0 | 2500 | ८८,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६४,०५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १५ गते (27th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले — सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**

P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal

Tel: 01-5451901, Fax: 977-1-5542407

Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com

Website: www.kapeelmanpower.com.np



## मलेशियामा रोजगार

कम्पनी: Rahmat Bernas Security Services SDH BHD — शहर: Selangor

पुनः प्रकाशित

पूर्व स्वीकृती मिति: २०७९/१२/१७ | L T. No. 297210 | चलानी नं. ६०२१२२७४

| सि. नं. | कामदारको पद | माग संख्या (पु.) | न्यूनतम योग्यता | मासिक तलव RM | मासिक तलव ने.रु | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी | कामदारको छनौट तरीका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guards | 19 | काममा दक्ष | 1500 | ४१,८९५।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | ८ दिन | छैन | छ | २ वर्ष | अन्तरवार्ता |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने र नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | सामाजिक सुरक्षा कोष सम्बन्धी व्यवस्था | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार तिर्ने | दिने | कामदार तिर्ने | बिमा हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | ७००/- कामदार आफैंले | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | कामदार आफैंले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, बालेश्वरमा सम्पर्क राख्नुहोला ।

अन्तरवार्ता मिति: २०८१/०१/१५ गते (2024 April 27)

Lic. No.: 565/062/063

**NAVAJEEVAN INTERNATIONAL PVT. LTD.**

Tokha-11, Mahadevtar, Kathmandu, Nepal, Phone No.: 01-4954608, 9841160318


## आजको राशिफल


आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु

इन्टरनेसनल एस्टोलोजिकल फोरम

सानेपा, काठमाडौं, नेपाल

फोन : ९८४१५९२५५२,

Email: dhruvswamig@gmail.com


वैशाख ६ गते २०८१, बिहीबार

| | |
|---|---|
| मेष | राज्य र समाजबाट सहयोग मिल्नेछ । |
| वृष | चिताएको र गरेको कार्यमा सफलता पाइनेछ । |
| मिथुन | सामान हराउने वा चोरी हुने भय छ । |
| कर्कट | कार्य सम्पादनमा सहजता मिल्नेछ । |
| सिंह | मानसिक चिन्ता बढेपनि श्रमको उचित मल्यांकन हुनेछ । |
| कन्या | घरको सामान्य मनोरञ्जनमा सहभागिता भइनेछ । |
| तुला | प्रेम सम्बन्ध कसिलो हुँदै जानेछ |
| वृश्चिक | परिवारसँग समय बिताउने अवसर जुट्नेछ । |
| धनु | वैदेशिक कारोबारमा अधिक सफलता मिल्नेछ । |
| मकर | प्रेमी र प्रेमिकाको सहयोग मिल्नेछ । |
| कुम्भ | नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । |
| मीन | स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

वैशाख ६ गते, २०८१, १८ अप्रिल, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.१५ | १३३.७५ |
| युरो | १ को | १४३.६६ | १४४.३१ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.९४ | १६८.६९ |
| स्विस फ्रेन्क | १ को | १४७.६७ | १४८.३४ |
| अस्ट्रेलियन डलर | १ को | ८६.७१ | ८७.१० |
| क्यानाडियन डलर | १ को | ९८.२५ | ९८.६९ |
| सिँगापुर डलर | १ को | ९८.७० | ९९.१४ |
| जापानी येन | १० को | ८.८० | ८.८४ |
| चिनियाँ युआन | १ को | १८.४४ | १८.५२ |
| साउदी अरब रियाल | १ को | ३५.५० | ३५.६६ |
| कतारी रियाल | १ को | ३६.५१ | ३६.६८ |
| थाई भाट | १ को | ३.६६ | ३.६८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२६ | ३६.४२ |
| मलेसियन रिङेट | १ को | २८.१८ | २८.३१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९३ |
| स्विडिस क्रोनर | १ को | १२.४५ | १२.५० |
| डेनिस क्रोनर | १ को | १९.२६ | १९.३५ |
| हङकङ डलर | १ को | १७.०१ | १७.०९ |
| कुवेती दिनार | १ को | ४३२.७७ | ४३४.७२ |
| बहराइन दिनार | १ को | ३५३.१७ | ३५४.७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

हिउँ चितुवा सर्वेक्षण

# डोल्पामा १२० हिउँ चितुवा

**काठमाडौं–** हिउँ चितुवा सर्वेक्षणको पछिल्लो नतिजा शुक्रबार सार्वजनिक गरिएको छ । नतिजाअनुसार डोल्पाको संरक्षित क्षेत्रबाहिर पनि हिउँ चितुवाको उल्लेखनीय संख्या रहेको देखिएको छ । २०८० वैशाखदेखि भदौसम्म सञ्चालित व्यवस्थित क्यामरा ट्याप सर्वेक्षणले शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जबाहिरको पूर्वी डोल्पा क्षेत्रमा रहेका हिउँ चितुवाको संख्या यकीन गरेको छ ।

विश्व वन्यजन्तु कोष (डब्ल्युडब्ल्युएफ) नेपालको सहयोगमा गरिएको यस सर्वेक्षणले प्रति १०० वर्ग किलोमिटरको क्षेत्रमा हिउँ चितुवाको घनत्व १.५ रहेको अनुमान गरेको छ। यससँगै अध्ययन क्षेत्रभित्र ३० वटा हिउँ चितुवा रहेको यकीन हुन गएको छ ।

यसैगरी, चार वर्षअघि निकुञ्जभित्र गरिएको यस किसिमको सर्वेक्षणले प्रति १०० वर्ग किलोमिटरमा चितुवाको घनत्व २.२ रहेको अनुमान गरेको थियो । यस आधारबाट ९० वटा हिउँ चितुवा यो संरक्षित क्षेत्रभित्र रहेको यकीन भएको थियो ।

यसर्थ डोल्पामा हिउँ चितुवाको कूल संख्या १२० हुन गएको छ । जुन संख्या नेपालकै सबैभन्दा उच्च हो र घनत्व पनि सबैभन्दा बढी हुन आउँछ । हिउँ चितुवा उच्च पहाडी पर्यावरणमा पाइने दुर्लभ, लोपोन्मुख र संरक्षित वन्यजन्तु हो । यो प्रजाति आफ्नो बासस्थान वातावरणमा शीर्ष सिकारी भएकाले पर्यावरणको स्वास्थ्य र सन्तुलन कायम राख्न हिउँ चितुवाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । ठूलो र दुर्गम भौगोलिक क्षेत्रको बासस्थानमा बस्ने भएकाले ठूला बिरालाहरूमध्ये विश्वव्यापी रूपमा सबैभन्दा कम अध्ययन गरिएका प्रजातिहरूमा यो प्रजाति पनि पर्छ ।

नेपालमा हिउँ चितुवाको बासस्थान (३० हजार वर्ग किलोमिटर) मध्ये ४२ प्रतिशत भाग संरक्षित क्षेत्रभन्दा बाहिर पर्छ । यी क्षेत्रहरू बासस्थान र कोरिडोर दुवै का रूपमा निकै महत्त्वपूर्ण छन् । पूर्वी डोल्पा नेपालको तीन संरक्षित क्षेत्र (शे-फोक्सुण्डो, ढोरपाटन सिकार आरक्ष र अन्नपूर्ण संरक्षण क्षेत्र) र हिउँ चितुवाको दुई भूपरिधि क्षेत्र (पश्चिम र मध्य) मा रहेका हिउँ चितुवाको संख्यालाई जोडेको छ। यस महत्त्वलाई दृष्टिगत गरी सरकारले यस क्षेत्रमा यो महत्त्वपूर्ण प्रजातिको अध्ययन तथा अनुसन्धानलाई उच्च प्राथमिकता दिई विभिन्न कार्यक्रम सञ्चालनमा ल्याएको वन तथा वातावरण मन्त्रालयले जनाएको छ ।

हिउँ चितुवा विश्वमा नै एसियाका १२ राष्ट्रमा मात्र सीमित रहेको र जम्मा चार हजारदेखि छ हजार ५०० को संख्यामा रहेको अनुमान गरिएको छ। हिउँ चितुवाका लागि नेपाल चौथो राष्ट्रमा पर्दछ र यहाँ ३०० देखि ४०० संख्यामा हिउँ चितुवा पाइने विश्वास गरिएको छ । यस हिसाबले हिउँ चितुवा अवलोकनका लागि विश्वमा नेपाल र नेपालमा डोल्पा एक प्रमुख गन्तव्य स्थापित छ ।

डिभिजन वन कार्यालय डोल्पाको कार्यक्षेत्रभित्र गरिएको यस सर्वेक्षणले छार्का ताङसोङ, काइके र डोल्पो बुद्ध गाउँपालिकाका राष्ट्रिय निकुञ्जबाहिर रहेका क्षेत्रमात्र समेटेको थियो । हिमाली भूभागमा पर्ने करिब दुई हजार वर्गकिलोमिटर क्षेत्रफलमा ६० दिनसम्म यो अध्ययन गरिएको थियो । यो अध्ययनमा ३३ जना नागरिक वैज्ञानिक, डिभिजन वन कार्यालय डोल्पाका सात जना कर्मचारी, तीनजना विद्यार्थी र दुईजना डब्ल्युडब्ल्युएफ नेपालका वन्यजन्तु अनुसन्धानकर्ताहरू सामेल थिए । वन तथा भू-संरक्षण विभाग र डिभिजन वन कार्यालय डोल्पाको नेतृत्व अनि डब्ल्युडब्ल्युएफ नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सम्पादित यस सर्वेक्षणका लागि ६६ ठाउँमा 'क्यामरा ट्र्याप'हरू जडान गरिएका थिए ।

यो सर्वेक्षणले पहिलोपटक संरक्षित क्षेत्रबाहिर बाक्लो संख्यामा हिउँ चितुवा रहेको बलियो प्रमाण मात्र देखाएको छैन, नेपालमा हिउँ चितुवाको संख्या बुझ्न पनि सघाएको छ । यस सर्वेक्षणले संरक्षित क्षेत्रबाहिर पनि प्रभावकारी संरक्षणका प्रयासहरूको आवश्यकता रहेको पुष्टि पनि गरेको वन तथा भू-संरक्षण विभागका महानिर्देशक शिवकुमार वाग्लेले बताए । 'हामी यस उपलब्धिमा डिभिजन वन कार्यालय डोल्पालाई बधाई दिन्छौं । यससँगै अनुसन्धानमा खटिने वन्यजन्तु अनुसन्धानकर्ताहरू, नागरिक वैज्ञानिकहरू, स्थानीय आदिवासी समुदायहरू र डब्ल्युडब्ल्युएफ नेपालका साथमा काम गर्न पाउँदा हामी निकै खुसी छौं,' उनले भने । *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Kirby Contracting Company

पूर्व स्वीकृति मिति २०८१/०१/०७ | LT. No. 303575 | चलानी नं.६०२१८३८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 30 | 0 | 1200 | ४२,७२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १५ गते (27th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Lic No. 1159/074/074

**Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd)**

Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal

Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL FALAK HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति २०८०/०८/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२२ | LT. No. 295567 | चलानी नं. ६०२१०६६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 8 | 0 | 1100 | ३८,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १६ गते (28th April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले  सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**

श्रम इजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492

Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com


## सिरहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सिरहा
### मधेश प्रदेश, नेपाल

## सेनिटरी प्याड खरिद सम्बन्धी शिलबन्दी दरभाउ-पत्र आह्वानको सूचना

**आ.व. २०८०/०८१**

**प्रथम पटक प्रकाशन मिति: २०८१/०१/०८**

यस कार्यालय अन्तर्गतका आर्थिक कार्यक्रमका लागि आवश्यक सेनिटरी प्याड खरिद गर्न दरभाउ-पत्र आह्वानको सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले शिलबन्दी दरभाउ-पत्र पेस गर्नु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. पत्रिकामा सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र कार्यालय समयमा रु ३०००/- (अक्षरुपी तीन हजार पछि फिर्ता नहुने गरी) यस कार्यालयमा नगद बुझाई कार्यालय समय भित्र दरभाउ-पत्र खरिद गर्न सक्नेछन् । दरभाउ-पत्र खरिद गर्नको लागि निवदेकले नवीकरण गरिएको सम्बन्धित विषयको कारोबार गर्ने इजाजत प्राप्त कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, व्यवसायी प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा भ्याट दर्ता प्रमाणपत्र र २०७९/०८० को कर चुक्ता गरेको प्रमाणको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी निवेदन साथ पेश गर्नुपर्नेछ ।

२. पत्रिकामा सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेभित्र दरभाउ-पत्र रीतपूर्वक भरी यस कार्यालयमा शिलबन्दी गरी दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएको दरभाउपत्रहरु सोहि दिनको २:०० बजे दरभाउ-पत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउ-पत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन विदा पर्न गएमा सो सम्बन्धी कार्य तत्पश्चात कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

३. शिलबन्दी दरभाउ-पत्र दर्ता गर्दा जमानत बापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी खाता नं. २१३०१००३०३००००७ र कार्यालय कोड नं. १६-३६५-२१ मा दाखिला गरेको सक्कल बैक भौचर वा कम्तिमा १२० दिन म्याद भएको (दरभाउपत्र) दर्ता गर्ने अन्तिम मितिदेखि) मान्यता प्राप्त बैकको बैक ग्यारेण्टी दरभाउपत्र साथ पेस गर्नुपर्ने छ । दरभाउ-पत्रदाताको दरभाउ-पत्र स्वीकृत भएपछि स्वीकृत अंकको ५% बराबरको रकम सम्झौता गर्नु अगाबै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको पर्फरमेन्स बण्ड पेस गर्नुपर्नेछ ।

४. दरभाउ-पत्रदाताले कबोल गरेको दररेटलाई अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईनेछ । दरभाउपत्र फाराममा केरमेट भएको ठाउँमा सहीछाँप नगरेको पाईएमा मान्यता दिईनेछैन ।

५. दरभाउ-पत्रदाताले आफूले खरिद गरेको दरभाउपत्र शिलबन्दी गरी दर्ता गराउनु पर्नेछ । फोटोकपी गरी पेश गरेको दरभाउपत्रलाई मान्यता दिईनेछैन । यस कार्यालयबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको दरभाउ-पत्र अर्का फर्मले दाखिला गर्न पाउनेछैन । साथै दरभाउ-पत्रमा कुनै शर्त राखी पेश गरेमा मान्य हुनेछैन । रीत नपुगेको दरभाउ-पत्र उपर कुनै कारबाही गरिनेछैन ।

६. दरभाउ-पत्र स्वीकृत भए पछि कार्यालयले तोकेको समय अवधि भित्र एकमुष्ट बुझाउनु पर्नेछ र केहि अंश अथवा सम्पूर्ण परिमाण नै बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम कारबाही हुनेछ । सम्पूर्ण करहरु दरभाउ-पत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

७. दररेट उल्लेख गर्दा "मूल्य अभिवृद्धी कर बाहेकको" उल्लेख गर्नु पर्नेछ ।

८. दरभाउपत्र स्वीकृत गर्दा प्याकेजको रुपमा गरिनेछ ।

९. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३) र सार्वजनिक खरिद नियमावली, २०६४ (पाँचौ संशोधन २०७३) तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. दरभाउत्र सम्बन्धी अन्य केहि कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा बुझ्न सकिनेछ ।

| क्र.सं. | ठेक्का नं. | कार्य विवरण | दरखास्त दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|
| १. | SM-8-2080/081 | सामुदासयिक विद्यालयका छात्राहरुको लागि नि:शुल्क स्यानिटरी प्याड खरिद सम्बन्धी | रु. ३,०००/- | रु. ७८,५३१/- |


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RISING STEEL SDN BHD

पुर्व स्वीकृति मिति : २०८०/०५/११ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/०७ | LT. No. 291750 | चलानी नं. ६०२०६९१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 25 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : YZ SING CONSTRUCTION SDN BHD

पुर्व स्वीकृति मिति : २०८०/०५/११ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/०७ | LT. No. 291749 | चलानी नं. ६०२०६९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 10 | 0 | 1560 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १५ गते (27th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 902/067/68

**KHOJI RECRUITMENT SERVICES PVT. LTD.**

Bijaybasti, Sanepa-2, Lalitpur, Contact: 01-5455896, 5455792

Email: khoji.nepal2022@gmail.com



## कुवेत/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNITED BEVERAGE COMPANY

पुर्व स्वीकृति मिति २०८०/०७/२० | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/०७ | LT. No. 294792 | चलानी नं. ६०२१२३५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Basic (Cleaner, Labor, Helper, Sweeper, Watchman | 75 | 0 | 100 | ४३,३३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Checker | 3 | 0 | 125 | ५४,१६० | | | | | | | |
| 3 | Light Driver | 25 | 0 | 125 | ५४,१६० | | | | | | | |
| 4 | Salesman | 10 | 0 | 125 | ५४,१६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १५ र १६ गते (27/28 April 2024) मा हुनेछ ।

कम्पनी : ORIENTAL OTTOMAN FOOD RESTAURANT FOR SERVING MEALS

पुर्व स्वीकृति मिति २०८०/११/०४ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/०७ | LT. No. 300021 | चलानी नं. ६०२१५११४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १५ गते (27th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**National Exports Manpower Consultant Pvt. Ltd.**

Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652

E-mail : nationalexportsmc@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TECK GUAN PLANTATION SDN BHD

पूर्व स्वीकृति मिति २०८१/०१/०६ | LT. No. 303492 | चलानी नं. ६०२१८३८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Harvest Worker | 60 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १६ र १७ गते (28 & 29th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १४३५/०७४/७५

**KINGFISHER OVERSEAS PVT.LTD**

Gairigaun 9 Tinkune, Kathmandu,Nepal.

Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MIDDLE EAST MANPOWER SUPPLY - SOLE

पूर्व स्वीकृति मिति २०८१/०१/०६ | LT. No. 303524 | चलानी नं. ६०२१८३६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CARPENTER | 20 | 0 | 1200 | ४३,८२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | MASON | 20 | 0 | 1200 | ४३,८२० | | | | | | | |
| 3 | SCAFFOLDER | 20 | 0 | 1200 | ४३,८२० | | | | | | | |
| 4 | STEEL FIXER | 20 | 0 | 1200 | ४३,८२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १५ गते (27th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1631/080/081

**PREMIUM HUMAN RESOURCE**

Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814

Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAWARID REYADAH CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति: २०८१/०१/०६ | LT. No. 303550 | चलानी नं. ६०२१८३६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 11 | 0 | 1200 | ४२,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १५ गते (27th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

**VARSHA MANPOWER PVT. LTD.**

(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## पर्यटनमा नयाँ गन्तव्य

# पर्वतीय उडानबाट कैलाश मानसरोवर दर्शन

▶▶ कमलकुमार बस्नेत

दिनको पहिलो प्रहर सुरु भइसकेको थिएन । नेपालगञ्जको सिद्धार्थ होटलमा अघिल्लो दिन नै आएका अधिकांश भारतीय पर्यटक नित्यकर्म सकेर तयार भइसकेका थिए । कैलाश पर्वत दर्शन गर्न जानुअघि उनीहरूले नजिकैको जयबागेश्वरी मन्दिरमा सामूहिक दर्शन गरे । त्यसपछि उनीहरू सवार बस विमानस्थलतर्फ लाग्यो ।

विमानमार्फत आकाशबाटै तिब्बतमा रहेको कैलाश पर्वतको दर्शन गर्न जाँदै थिए । विमानमा चढ्दै गर्दा भारतीय पर्यटकको अनुहारमा साक्षात कैलाश पर्वत र मानसरोवर ताल आँखै अगाडि हेर्न पाउने उत्कट चाहना झल्कन्थ्यो ।

हिन्दू धर्ममा कैलाश पर्वतलाई महादेवको घर मानिन्छ । महादेव बस्ने ठाउँ हेर्ने अभिलासाले तिर्थयात्रीहरूको अनुहार उज्यालिएको थियो । ‘विमानले जसै ‘टेकअफ’ गरी उत्तरतर्फ उचाइ बढाउँदै गयो, यात्रीहरूको मनमा कौतुहलता बढ्दै गरेको प्रस्ट देखिन्थ्यो । झण्डै ३० मिनेटको उडानपछि विमान नेपाल-चीनको सीमा नजिकै पुग्यो,’ पर्वतीय उडानबाट फर्केपछि पथिल होलिडेजका प्रबन्ध निर्देशक महेश गौतमले भने ।

विमानको झ्यालबाट एकोहोरो आँखा दौडाइरहेका यात्रुहरूले दुई हात जोडेर नमस्कार गरे । उनीहरूका आँखै अगाडि महादेवको घर अर्थात् कैलाश पर्वत विराजमान थियो । उनीहरू मानसरोवर ताल हेरेर आपसमा केही कुराकानी पनि गरे ।

यत्तिकैमा विमानमा रहेका पण्डितले यात्रुहरूको ध्यानाकर्षण गराए । सबैलाई कैलाशतर्फ फर्किएर हात जोड्न लगाउँदै मन्त्रोचारण गर्दै विमानभित्रैबाट पूजा सुरु गरे । सामान्य पूजा सकाएपछि उनले कैलाश पर्वत र मानसरोवर तालको धार्मिक महत्त्व, आस्था र इतिहासबारे जानकारी गराउन थाले ।

महादेवको बासस्थान आँखै अगाडि हेर्न पाउँदा हर्षविभोर उनीहरू पण्डितले बताएका हरेक विषयमा चासोपूर्ण सुनिरहेका थिए । विमानले तीन/चार फन्को लगाइसकेको थियो । कैलाशलाई साक्षात दर्शन गर्न पाउँदाको खुसी यात्रुहरूहरूको आँखाबाट छल्किरहेको थियो । कोही आँखाभरि खुसीका आँसु बगाउँदै एकोहोरो कैलाश हेरिरहेका थिए भने केहीले मौन मुद्रामा रुद्राक्षको माला घुमाउँदै जप सुरु गरिरहेका थिए । सिद्धार्थ हस्पिटालिटी ग्रुपका क्षेत्रीय निर्देशक केशव न्यौपानेको परिकल्पना, पथिल होलिडेजको व्यवस्थापन र नयाँ दिल्लीस्थित ट्राभल कम्पनी ‘ट्रिप टु टेम्पल्स’सँगको समन्वयमा श्री एयरलाइन्सको विमानमार्फत पर्यटकलाई पर्वतीय उडान गराउँदै आइएको छ । यात्रीहरूको आवासीय प्रवन्ध सिद्धार्थ हस्पिटालिटीले गर्दै आएको छ ।

बुधबार रामनमवीको दिन कैलाश दर्शनका लागि सातवटा माउन्टेन फ्लाइट (पर्वतीय उडान) भयो । जसमा आठजना नेपाली र २३४ भारतीय पर्यटकले कैलाश पर्वतको दर्शन गरेका थिए । कैलाश पर्वत दर्शनपछि उनीहरूले नेपालगञ्ज फर्केर रुद्राभिषेक पूजा समेत गरेका थिए । पथिल होलिडेजले नयाँ गन्तव्यका रूपमा यो पर्वतीय उडानलाई स्थापित गर्न भारतीय बजारमा सक्दो बजारीकरण गरिरहेको न्यौपानेको भनाइ छ ।

‘हाम्रा लागि भारत ठूलो बजार हो, हामीले भरतका विभिन्न सहरबाट यहाँ ल्याएर माउण्टेन फ्लाइटमार्फत कैलाश पर्वतको दर्शन गराउँछौं,’ न्यौपानेले भने, ‘तिर्थयात्रीहरूलाई दुईतर्फी यातायात, खान, बस्न र हवाई उडानका लागि एउटै प्याकेजमा बनाएर यात्रा सहज बनाइरहेका छौं ।’ भारतको कलकत्ताबाट कैलाश दर्शन गर्न मंगलबार साँझपख नेपालगञ्ज आइपुगेकी सञ्चिता गांगुलीले यो आफ्नो जीवनको महत्त्वपूर्ण पल भएको बताइन् । ‘हामी यहाँ योजना बनाएर आएका थिएनौं, सायद महादेवको ‘ब्लेसिङ’ थियो होला, हाम्रो यो पारिवारिक ‘ट्रिप’ निकै राम्रो भयो,’ उनले भनिन् ।

उनले बादल पनि नभएकाले कैलाश पर्वत र दुवै ताल स्पष्ट हेर्न पाएकोमा आफूलाई निकै भाग्यमानी ठानेको सुनाइन् । पछिल्ला केही वर्षयता भारतीयहरू भिसाको समस्याका कारण कैलाश मानसरोवर दर्शन गर्न जान पाएका छैनन् । भिसा, समय तथा स्वास्थ्यको समस्या हुनेलाई पर्वतीय उडानमार्फतको कैलाश पर्वतको दर्शन सबैभन्दा उपयुक्त विकल्प भएको भारतको बैंगलोरबाट आएका ८० वर्षीय विशाल कुँवरले बताए ।

कैशाल पर्वत दर्शन गरेर आफू निकै धन्य भएको दिल्लीबाट आएका विनोद शर्माले सुनाए । उनले भने, ‘जीवनमा यति सहज ढंगले कैलाश पर्वतको दर्शन गर्न पाउँछु भनेर कल्पना पनि गरेको थिइनँ । म यो खुसीको वयान गर्न निःशब्द छु ।’ उनले आफ्नो ‘बकेट लिस्ट’को एउटा योजना पूरा भएको बताए । आफूहरू कैलाश दर्शन गरेर सिद्धार्थ होटलमा आइपुग्दा रुद्राक्षको माला र प्रसादले स्वागत गरेको पल बिर्सन नसक्ने भन्दै उनले भोले बाबाको आशीर्वाद पाएको महसुस भएको सुनाए ।

गत माघदेखि नेपालगञ्जबाट कैलाश पर्वत दर्शनका लागि सुरु गरेको पर्वतीय उडानमार्फत हालसम्म ५०० भन्दा बढी भारतीय नागरिकले कैलाश पर्वतको दर्शन गरिसकेका छन् । साथै यही वैशाख १० गतेका लागि करिब २०० भारतीय नागरिकले बुकिङ गरिसकेको पथिल होलिडेजले बताएको छ ।

उद्योग वाणिज्य संघ बाँकेका अध्यक्ष टंक धामीले नेपालगञ्जमा नयाँ पर्यटकीय गन्तव्यका रूपमा माउन्टेन फ्लाइट भएको उल्लेख गर्दै यसमार्फत यहाँको पर्यटन चलायमान हुन सहज भएको बताए । उनले यसले पर्यटकको आगमन र त्यसबाट हुने आम्दानी बढाएको बताए । *रासस*

## पर्यटकको बसाइ लम्ब्याउन नयाँ गन्तव्यको खोजी

गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले पर्यटकको बसाइ लम्ब्याउन नयाँ गन्तव्यको पहिचान गर्न अध्ययन थालेको छ । हालै पर्यटकीय राजधानी घोषणा भएको पोखरामा पर्यटक आगमन बढाउन र बसाइ लम्बाउनका लागि नयाँ गन्तव्यको पहिचान तथा स्थापित गन्तव्यको प्रवर्द्धनका लागि स्थलगत अध्ययन गर्न मन्त्रालयको टोली अन्नपूर्ण गाउँपालिका-६ घोडेपानी आएको छ ।

मन्त्रालयका उपसचिव रामप्रसाद आचार्यले सम्भावनायुक्त पर्यटकीय गन्तव्य पहिचान र स्थापित गन्तव्यको प्रवर्द्धनका लागि समस्या, आवश्यकता पहिचान गर्न मंगलबार र बुधबार स्थलगत अध्ययन गरिएको जानकारी दिए ।

‘पोखरा र आसपासका क्षेत्रमा पर्यटक आगमन बढाउने, बसाइ लम्ब्याउने तथा सेवाको गुणस्तरीयता कायम गर्न सम्भावनायुक्त पर्यटकीयस्थलमा पुगेर अध्ययन गर्न आएका हौं,’ उनले भने, ‘म्याग्दीको घोडेपानी-पुनहिल क्षेत्रलाई पोखराको सहायक गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावना देखेर सरोकारवालासँग छलफल गरेका छौं ।’

मन्त्रालयका सचिव कुमानसिंह गुरुङको नेतृत्वमा आएको टोलीले स्थानीय होटल व्यवसायी, जनप्रतिनिधि, पर्यटक, पर्यटन व्यवसायीसँग समस्या, सम्भावना र समाधानका लागि गर्नुपर्ने कामका बारेमा छलफल गरेको थियो । सचिव गुरुङले पर्यटकीय क्षेत्रका सरोकारवालाको सुझावलाई आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेटिने बताए । गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनामा पनि सुझावलाई समावेश गरिने उनको भनाइ छ ।

अन्नपूर्ण गाउँपालिकाका पूर्वअध्यक्ष डमबहादुर पुन र अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले सडकको पहुँच, पोखरादेखि घोडेपानीसम्म बस सेवा सञ्चालन, प्रचारप्रसारका कारण आन्तरिक पर्यटकको आगमन बढेको बताए । घोडेपानीमा पर्यटकको बसाइ लम्ब्याउन गुराँस पार्क, घोडा र साइकल मार्ग निर्माण गरिएको जानकारी गराउँदै घोडेपानीको संग्राहलयलाई व्यवस्थित बनाउन सहयोगको अपेक्षा गरे । घोडेपानी पर्यटक प्रहरी चौकीका अनुसार वि.सं. २०८० मा ३१ हजार ४३९ पर्यटकले घोडेपानीको भ्रमण गरेका छन् ।

समुद्र सतहबाट तीन हजार २१० मिटर उचाइमा अवस्थित पुनहिलमा सूर्योदय, गुराँसे जंगल र हिमशृंखलाको अवलोकन गर्न आउने पर्यटक घोडेपानीमा बास बस्ने गर्दछन् । घोडेपानीमा साना ठूला गरी २७ होटलमा एक दिनमा एक हजार जना बास बस्न सक्ने क्षमता रहेको छ ।

पुनहिलबाट धवलागिरि, सिस्ने, गुर्जा, मानापाथी, निलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे, मनास्लु हिमालको अवलोकन गर्न सकिन्छ । सूर्योदयको दृश्यावलोकन गर्न पाउनु पनि पुनहिलको अर्को विशेषता हो । घोडेपानी र पुनहिल क्षेत्रमा गण्डकी प्रदेशकै ठूलो लालीगुराँसको जंगल छ । हिजोआज गुराँस फुलेर ढकमक्क बनेको जंगलमा रमाउने पर्यटकको चहलपहल बढेको होटल व्यवस्थापन उपसमितिकी अध्यक्ष मीना पुनले बताइन् । रासस



## कसरी गर्ने

# पदयात्राको तयारी ?

▶▶ रामबहादुर थापा

पदयात्राका लागि नेपाल उत्कृष्ट गन्तव्यमा चिनिन्छ । विश्वका विभिन्न देशका पर्यटक पदयात्राका लागि यहाँ आउने गरेका छन् । पछिल्ला वर्षहरूमा आन्तरिक पर्यटकहरू पनि छोटो वा लामो दूरीका पदयात्रामा निस्किएको पाइन्छ ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार सन् २०२३ मा नेपाल आएका कूल विदेशी पर्यटकमध्ये १५ प्रतिशत पदयात्रा र माउन्टेनियरिङका लागि गएको देखिन्छ । सो वर्ष कूल १० लाख १४ हजार ८८२ पर्यटक नेपाल आएकोमा एक लाख ५४ हजार २६२ जना पदयात्रा र माउन्टेनियरिङका लागि आएका थिए ।

नेपालमा पदयात्राका लागि असोज-कात्तिक र चैत-वैशाखको याम उत्तम मानिन्छ । अहिले दोस्रो मुख्य पर्यटकीय याम चलिरहेको छ । गन्तव्यस्थलमा पर्यटकको आउजाउ बाक्लिएको छ । पदयात्रामा रमाउनेको संख्या पनि उल्लेख्य छ । कुनै समय विदेशी पर्यटकले चिनाएको नेपालको पदयात्रा पर्यटन पछिल्लो समय आन्तरिक पर्यटकमाझ पनि उत्तिकै लोकप्रिय छ ।

नेपालको प्राकृतिक सौन्दर्य, विशिष्ट भूगोल, हावापानी, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता र संस्कृतिको अवलोकनसँगै घुमफिरको आनन्द बटुल्न मानिसहरू पदयात्रामा निस्कन्छन् । शारीरिक, मानिसक स्वास्थ्य र तन्दुरुस्तीका दृष्टिले पनि पदयात्रा गर्नु उपयुक्त मानिन्छ ।

तपाईं पनि पदयात्राका लागि कुनै गन्तव्य रोज्दै हुनुहुन्छ भने त्यसका लागि गर्नुपर्ने बन्दोबस्ती र तयारीबारे पदयात्री तथा पर्यटक पथप्रदर्शक दिवस गुरङसँगको कुराकानीमा आधारित रहेर हामीले यो सामग्री प्रस्तुत गरेका छौं ।

### खर्चको जोहो

तपाईं कुन गन्तव्यमा जाँदै हुनुहुन्छ भन्ने कुराले खर्चको निर्धारण गर्छ । सामान्यतया दिनको तीनदेखि चार हजार रूपैयाँसम्म जोहो गर्नुहोस् । सगरमाथा क्षेत्र जाँदै हुनुहुन्छ अझ बढी पैसा लाग्छ । छोटो, मध्यम या लामो दूरीमध्ये जुन रोज्नुहुन्छ त्यसअनुसार खर्च तलमाथि हुनसक्छ । पर्यटकीय क्षेत्रको सेवासुविधा यसै पनि महँगो हुन्छ । अहिले प्रायः पदमार्गमा इन्टरनेट र अनलाइन सुविधा पुगेको छ । अनलाइन भुक्तानी सेवा पनि छ । विकट गाउँबस्ती र भूगोलतिर त्यो सेवा नहुन पनि सक्छ । नगद पैसा पनि बोकेर जाँदा सजिलो हुन्छ ।

### गन्तव्यस्थलको पूर्वअध्ययन

आफू घुमफिरमा जान लागेको गन्तव्य र त्यहाँको भौगोलिक अवस्थाबारे जानकारी लिनुहोस् । सूचना बटुल्नुहोस् । त्यस क्षेत्रमा रहेका होटल, रेस्टुराँ र चिया घरबारे बुझ्नुहोस् । गुगल या अन्य नक्साको सहायता लिएर पनि गन्तव्यस्थलबारे धेरै कुरा थाहा पाउन सकिन्छ । कति लामो र उचाइसम्मको पदयात्रा हो त्योबारे पहिल्यै थाहा पाएर आफूलाई शारीरिक र मानसिक रूपमा तयार राख्नुपर्छ । नयाँ ठाउँबारे जान्ने जिज्ञासा र उत्साहसहित पदयात्रामा निस्कनुपर्छ ।

### बन्दोबस्ती

ऋतु याम, मौसम, हावापानी आदि विचार गरेर लुगालगायत पदयात्राका लागि चाहिने सामग्री जुटाउनुपर्छ । सामानको जोहो गर्दा हतार गर्नुहुँदैन । झोलामा राख्नुपर्ने महत्त्वपूर्ण सामान छुट्न सक्छ । ट्रेकिङ झोला, जुत्ता, लठ्ठीलगायत सामग्री पदयात्राका लागि नभई हुँदैन । हलुका र धेरै सामान अट्ने झोला किन्नुहोस् । ६५ लिटर जानेसम्मको ट्रेकिङ झोला भयो भने २५ किलोसम्म तौल धान्छ । आफूले बोक्ने सामानको लेखाजोखा गरेर त्यहीअनुसार क्षमता भएको झोला किन्न सकिन्छ । बजारमा ट्रेकिङका लागि चाहिने सामग्री सजिलै पाइन्छ । ती सामग्री किन्न १५ हजार रूपैयाँ जति खर्च हुन्छ । गुणस्तर र ब्राण्डका कारण कुनै सामान अझै महँगो पनि पर्छ ।

गोल्डस्टारलगायत नेपाली ब्राण्डका ट्रेकिङ जुत्ता पनि अहिले बढी प्रयोगमा आइरहेको छ । जुत्ता आरामदायी, बाक्लो सोल र ग्रिप भएको, झट्ट पानी नछिर्ने, हिलो र हिउँमा नचिप्लने चाहिन्छ । ट्रेकिङ ज्याकेट, टिसर्ट, ट्र्याक, ट्राउजर, टोपी, मोजा र पन्जा आवश्यक पर्छ । गर्मी याम छ भने सोहीअनुसारको लुगा चाहिन्छ । जाडो याम छ र हिमाली क्षेत्रमा जाँदै हुनुहुन्छ भने फेदर डाउन ज्याकेटलगायत न्यानो लुगा बोक्नुहोस् । पदयात्रामा जाँदा आँखाको सुरक्षाका लागि चश्मा अनिवार्य चाहिन्छ । गर्मी याममा घामबाट जोगिने चश्मा प्रयोग गर्नुपर्छ । टोपी र हचाट पनि त्यहीअनुसार चाहिन्छ । छालालाई घामबाट जोगाउने क्रिम, लोसन पनि प्रयोग गर्न सकिन्छ ।

### औषधि र हलुका खानेकुरा

पदयात्रामा निस्कँदा प्राथमिक उपचारका औषधि र सामग्री साथमा बोक्नुपर्छ । आफूले कुनै नियमित खाने गरेको औषधि छ भने नबिर्सी झोलामा राख्नुहोस् । उचाइमा जाँदा लेक लाग्ने समस्या हुनसक्छ । कसैलाई तीन हजार मिटरदेखि माथि जाँदा ‘अल्टिच्युड सिकनेस’को लक्षण देखिन थाल्छ । त्यसकार एकैदिन धेरै हिँड्नुहुँदैन । विश्राम लिँदै पदयात्रा गर्नुपर्छ । तीन हजार मिटरदेखि माथिको यात्रा छ भने दिनमा ५०० मिटरमात्र उकालो चढ्नु उपयुक्त मानिन्छ । यात्रामा कहिलेकाहीँ आपत्कालीन अवस्था आइपर्न सक्छ । त्यसैले पर्यटक सूचना केन्द्र, प्रहरी, होटललगायत स्थानीयवासीको सम्पर्क नम्बर लिनुपर्छ । पदयात्रामा जाँदा पानीलगायत हलुका खानेकुराको प्रबन्ध गर्नुपर्छ । बिस्कुट, चक्लेट, काजु, बदाम आदि साथमा राख्दा राम्रो हुन्छ ।

### एक्लै निहिँड्नुहोस्

नयाँ र टाढाको गन्तव्यस्थल छ भने एक्लै पदयात्रामा निस्कनु हुँदैन । नजिक र मानिसको आउजाउ बाक्लो हुने ठाउँ छ भने छोटो दूरीको पदयात्रा एक्लै पनि गर्न सकिन्छ । पदयात्रामा जाँदा पथप्रदर्शक साथमा लिएर जाँदा धेरै सहज हुन्छ । समूहमा पदयात्रा गर्दा झनै सजिलो । सुरक्षादेखि अन्य व्यववस्थापकीय तयारीका लागि पनि समूहमा जाँदा उपयुक्त हुन्छ । पछिल्लो समय पथप्रदर्शक नलिई पदयात्रामा जान नपाइने नीति पनि सरकारले ल्याएको छ । एक्लै हिँड्दा सुरक्षा जोखिम हुन्छ । दुर्घटना भइहालेमा उद्धार जटिल बन्छ । हिमाली भेग छ भने विशेष ख्याल गर्नुपर्छ । हाम्रो हिमालय क्षेत्रमा झण्डै छ हजार मिटरसम्म उचाइ छिचोलेर पदयात्रा गर्नुपर्ने गन्तव्य छन् । *रासस*

# विपद्जन्य घटना न्यूनीकरणमा जोड

**कञ्चनपुर (प्रस)**– दोदा जलाधार क्षेत्र बहुसरोकार मञ्चमा आबद्ध पालिकाका प्रमुखहरू जलवायु परिवर्तनका कारण उत्पन्न हुने विपद्जन्य घटना न्यूनीकरण गर्नका लागि सहमत भएका छन् । शुक्रबार शुक्लाफाँटा नगरपालिकामा आयोजित मञ्चको बैठकमा सहभागीहरूले विपद्बाट हुने धनजन, जीविकोपार्जन, भौतिक पूर्वाधार, सामाजिक पूर्वाधार, सांस्कृतिक, वातावरणीय क्षेत्रमा हुने क्षति न्यूनीकरण गर्नका लागि रणनीतिक क्रियाकलापको पहिचान गरी आवधिक तथा वार्षिक योजना बनाई कार्यान्वयनमा ल्याउने भएका हुन् ।

विपद् जोखिम रोकथाम, पूर्वतयारी, प्रतिकार्य एवं पुनःस्थापना तथा पुनर्निर्माणको सुदृढीकरणसँगै उत्थानशीलता अभिवृद्धि गरी विद्यमान विपद् जोखिम न्यूनीकरण र जोखिम रोकथाम गर्ने रणनीतिक योजनाको मुख्य उद्देश्य रहेको मञ्चका अध्यक्ष एवं शुक्लाफाँटा नगरपालिकाका प्रमुख रणबहादुर महराले बताए । उनका अनुसार बैठकमा दोदा जलाधार क्षेत्र बहुसरोकार मञ्चको कार्यसञ्चालन मार्गदर्शन प्रस्तावनाको मस्यौदामाथि बृहत् छलफल भएको छ ।

मार्गदर्शनको मस्यौदामा उल्लिखित मञ्च गठन, काम-कर्तव्य र अधिकार, मञ्चको बैठकसम्बन्धी व्यवस्था, आर्थिक व्यवस्थापनलगायत बारे छलफल गरी राय-सुझाव संकलन गर्ने कार्य गरिएको छ । 'मार्गदर्शनमा संकलित सुझावलाई समावेश गरी अर्को कैलालीको चुरे गाउँपालिकामा जेठ अन्तिम हप्ता आयोजना हुने बैठकमा अन्तिम रूप दिई पारित गरिने छ,' उनले भने, 'योसँगै कार्यविधि बनाएर कार्यान्वयनमा ल्याउने कार्य हुन्छ ।'

मञ्चका सदस्य एवं पुनर्वास नगरपालिकाका प्रमुख तोयप्रसाद शर्माले पालिकाहरूले विपद्जन्य घटनासँग लड्नका लागि बजेटको व्यवस्था गरी प्रभावकारी रूपमा अगाडि बढ्नुपर्ने बताए । सामुदायिक वन समन्वय समिति कञ्चनपुरका अध्यक्ष एवं पूर्वसुदूरपश्चिम प्रदेशसभा सदस्य महेशदत्त जोशीले जलवायु परिवर्तनले गर्दा चुरे क्षेत्रमा पहिरो तराई क्षेत्रमा भूक्षय र डुबानको समस्या रहेको बताए । चुरे क्षेत्रमा मानवीय गतिविधि बढेसँगै विपद्का घटनाहरू पछिल्ला केही वर्षयता देखि उल्लेख्य रूपमा बढ्दै गएको चर्चा गर्नु हुँदै उनले नियन्त्रण गर्न अहिले चुनौती खडा भएको बताए ।

'कर्णाली र महाकालीपछिको ठूलो जलाधार क्षेत्र दोदा रहेको छ,' उनले भने, 'पालिकाहरूको एक्लो प्रयासले विपद्जन्य घटना नियन्त्रण गर्न नसकिने भएकाले संघ, प्रदेश र स्थानीय तह गरी तीनवटै सरकारको सरोकारको विषय बनाइनुपर्छ ।' मञ्चका सचिव एवं लालझाडी गाउँपालिकाका अध्यक्ष निर्मल रानाले जलाधार व्यवस्थापन योजनाहरू, भू-उपयोग नीतिहरूसँगै जलवायु अनुकूलन रणनीतिको विकास गर्नु आवश्यक रहेको बताए । 'विपद् जोखिम न्यूनीकरण गर्न व्यवस्थापनसम्बन्धी उपलब्धि, सिकाइ, चुनौती र आवश्यकता आपसमा आदान-प्रदान गर्न आधुनिक सञ्चार प्रविधिमार्फत 'भर्चुअल' प्लेटफार्मको अधिकतम प्रयोग गरी अनवरत संवाद तथा सहकार्य गरिनुपर्छ,' उनले भने, 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा सरोकारवाला नियकासँगै क्षेत्रगत समूहबीच समन्वय सहकार्य, साझेदारी, ज्ञान प्रवर्द्धन, सीप विकासका कार्यक्रमलाई समयानुकूल बनाइनुपर्छ ।'

मञ्चको साझेदार संस्था निड्स नेपालका कार्यकारी निर्देशक भवराज रेग्मीले दोदा जलाधार क्षेत्रको माथिल्लो र तल्लो तटीय क्षेत्रका साझेदारहरूले एकबद्ध भएर अगाडि बढ्नुपर्ने बताए । 'यो क्षेत्रका १० वटै पालिकाले विपद्जन्य घटनाबाट स्थानीय बासिन्दालाई सुरक्षित बनाउनका लागि आवश्यक व्यवस्थापकीय कार्य गर्नुपर्छ,' उनले भने, 'मञ्चमा आबद्ध पालिकाहरूले संघीय सरकारलाई दोदाले निम्त्याउने विपद्बारे बुझाउन सक्नुपर्छ, यसका लागि एक्सन प्लान, कार्यविधि, कार्ययोजना बनाएर जीविकोपार्जनसँग जोड्नुपर्छ, वनमाथिको निर्भरता कम गर्न नवीकरणीय ऊर्जाको प्रयोगलाई बढावा दिइनुपर्छ ।'

बाढीजन्य घटना न्यूनीकरणका लागि माथिल्लो तटीय क्षेत्रबाट तल्लो तटीय क्षेत्रमा सूचना प्रवाहको कार्य भइरहेको उल्लेख गर्दै उनले यसलाई दिगो बनाउने कार्य गरिनुपर्ने बताए । मञ्चको साझेदार संस्था मर्सिकोरकी प्रतिनिधि लक्ष्मी अवस्थीले संस्थाले सञ्चालन गरेको एमरेड परियोजनाअन्तर्गत दोदा नदीमा जल सतह मापनका लागि स्वचालित उपकरण जडान गरिएको, दोदासँगै जोडिने नदीहरूमा पालिकासँग समन्वय गरी जैविक तटबन्ध निर्माण र जीविकोपार्जनका कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिइन् ।

विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, आपत्कालीन मानवीय सहयोगलाई स्थानीय तहसम्म सुनिश्चित गर्न अन्तर्राष्ट्रिय लगानीलाई प्रोत्साहित गर्न सहकार्य र साझेदारीको कार्यलाई अभिवृद्धि गरिनुपर्ने उनले बताइन् । बैठकको औचित्यबारे मञ्चका कोषाध्यक्ष चुरे गाउँपालिकाका उपाध्यक्ष धनाकुमारी थापाले सहभागीहरूलाई जानकारी गराएका थिए । बैठकमा मञ्चमा आबद्ध १० वटा पालिकाका प्रमुख, उपप्रमुख, विपद् शाखाका स्रोत व्यक्ति, साझेदार संस्थाका प्रतिनिधिलगायत सहभागिता रहेको थियो । मञ्चमा जोरायल गाउँपालिका, आलिताल गाउँपालिका, पर्शुराम नगरपालिका, चुरे गाउँपालिका, गोदावरी नगरपालिका, बेलौरी नगरपालिका, कृष्णपुर नगरपालिका, लालझाडी गाउँपालिका, पुनर्वास नगरपालिका र शुक्लाफाँटा नगरपालिका आबद्ध रहेका छन् ।

विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तनको दृष्टिकोणले अत्यन्तै संवेदनशील दोदा जलाधार क्षेत्र संरक्षण संवर्द्धन गर्न बहुसरोकार मञ्चको गठन गरिएको हो । मञ्चको उद्देश्यमा जलाधार क्षेत्रको उत्थानशीलता अभिवृद्धि गर्न पारस्पारिक रूपमा सहकार्य समन्वय गर्नु रहेको छ ।

# अरुण नदीमा अब नियमित फेरी

**टक्सार (भोजपुर)**– भोजपुरको उत्तरी क्षेत्र र संखुवासभा जोड्ने अरुण नदीको सतिघाटमा आजदेखि सञ्चालनमा आएको फेरी अब नियमितरूपमा चल्ने भएको छ । गत चैत १६ गतेदेखि बन्द भएको फेरी बिहीबार मर्मत गरेर परीक्षण गरिएको थियो ।

भोजपुरको उत्तरी क्षेत्रलाई तराईसँग जोड्ने षडानन्द नगरपालिका-६ र खाँदबारी नगरपालिका-९ सतिघाटस्थित अरुण नदीको फेरी पुनःसञ्चालनमा आएको हो । यातायातका साधनलाई सहजरूपमा वारिपारि गराउन चार वर्षअघि निर्माण गरिएको लट्ठा घुमाउने पुल्लीमा समस्या देखिएपछि २० दिनदेखि फेरी सञ्चालन हुन सकेको थिएन । फेरी नचल्दा जिल्लाको उत्तरी क्षेत्रका यात्रुलाई आवतजावतमा समस्या भएको थियो ।

अरुणमा सञ्चालनमा रहेको फेरी मर्मत भएपछि अब यातायातका साधन नियमितरूपमा वारपार हुने षडानन्दका नगरप्रमुख सुरेन्द्रकुमार उदासले बताए । उनले भने, 'मर्कामा परेकाहरूको समस्या समाधान भएको छ, अब नियमितरूपमा अरुण नदीको फेरी सञ्चालन हुन्छ ।' *रासस*

# नारायणी डेभलपमेन्ट बैंक लि.
## Narayani Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"

**Ratnanagar -1, Chitwan, Nepal**
**Tel :** 056561258/560608, **website:** www.ndbl.com.np, info@ndbl.com.np

## Unaudited Financial Results (Quarterly)
**As on Third Quarter(30/12/2080) for F.Y. 2080/81**

### Condensed Consolidated Statement of Financial Position
As on Quarter ended 30th Chaitra, 2080
(Amount in NPR, Full Figure)

| Particulars | Group | | Bank | |
|---|---|---|---|---|
| | This Quarter Ending | Immediate Previous Year Ending (Audited) | This Quarter Ending | Immediate Previous Year Ending (Audited) |
| **Assets** | | | | |
| Cash and Cash Equivalent | 212,505,150 | 128,200,835 | 212,505,150 | 128,200,835 |
| Due from Nepal Rastra Bank | 39,440,810 | 40,879,280 | 39,440,810 | 40,879,280 |
| Placement with Banks and FIs | - | - | - | - |
| Derivative Financial Instruments | - | - | - | - |
| Other Trading Assets | - | - | - | - |
| Loans and Advances to Banks and FIs | - | - | - | - |
| Loans and Advances to Customers | 323,647,779 | 410,294,367 | 323,647,779 | 410,294,367 |
| Investment Securities | 43,417,533 | 47,427,610 | 43,417,533 | 47,427,610 |
| Current Tax Assets | 9,995,992 | 9,980,040 | 9,995,992 | 9,980,040 |
| Investment in Subsidiaries | - | - | - | - |
| Investment in Associates | - | - | - | - |
| Investment Property | - | - | - | - |
| Property and Equipment | 26,173,504 | 30,221,863 | 26,173,504 | 30,221,863 |
| Goodwill and Intangible Assets | 9,218,000 | 9,968,372 | 9,218,000 | 9,968,372 |
| Deferred Tax Assets | 40,728,050 | 39,525,027 | 40,728,050 | 39,525,027 |
| Other Assets | 27,300,149 | 5,611,042 | 27,300,149 | 5,611,042 |
| **Total Assets** | **732,426,967** | **722,108,435** | **732,426,967** | **722,108,435** |
| **Liabilities** | | | | |
| Due to Banks and FIS | - | - | - | - |
| Due to Nepal Rastra Bank | - | - | - | - |
| Derivative Financial Instruments | - | - | - | - |
| Deposit from Customers | 623,718,354 | 632,813,148 | 623,718,354 | 632,813,148 |
| Borrowings | - | - | - | - |
| Current Tax Liabilities | - | - | - | - |
| Provisions | 497,200 | 864,450 | 497,200 | 864,450 |
| Deferred Tax Liabilities | - | - | - | - |
| Other Liabilities | 39,654,544 | 43,124,147 | 39,654,544 | 43,124,147 |
| Debt Securities Issued | - | - | - | - |
| Subordinated Liabilities | - | - | - | - |
| **Total Liabilities** | **663,870,099** | **676,801,745** | **663,870,098** | **676,801,745** |
| **Equity** | | | | |
| Share Capital | 262,467,600 | 262,467,600 | 262,467,600 | 262,467,600 |
| Share Premium | 10,101,374 | 10,101,374 | 10,101,374 | 10,101,374 |
| Retained Earnings | (391,882,387) | (388,140,718) | (391,882,387) | (388,140,718) |
| Reserves | 187,870,281 | 160,878,435 | 187,870,281 | 160,878,435 |
| **Total Equity Attributable to Equity Holders** | **68,556,868** | **45,306,691** | **68,556,868** | **45,306,691** |
| Non Controlling Interest | - | | | |
| **Total Equity** | **68,556,868** | **45,306,691** | **68,556,868** | **45,306,691** |
| **Total Liabilities and Equity** | **732,426,967** | **722,108,435** | **732,426,967** | **722,108,435** |

### Condensed Consolidated Statement of Profit and Loss
As on Quarter ended 30th Chaitra, 2080 (Amount in NPR, Full Figure)

| Particulars | Group | | | | Bank | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Current Year | | Previous Year Corresponding | | Current Year | | Previous Year Corresponding | |
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| Interest income | 13,687,118 | 40,043,877 | 14,933,726 | 46,237,214 | 13,687,118 | 40,043,877 | 14,933,726 | 46,237,214 |
| Interest expense | 11,663,782 | 33,574,594 | 11,438,606 | 33,667,219 | 11,663,782 | 33,574,594 | 11,438,606 | 33,667,219 |
| **Net interest income** | **2,023,336** | **6,469,283** | **3,495,120** | **12,569,995** | **2,023,336** | **6,469,283** | **3,495,120** | **12,569,995** |
| Fee and commission income | 81,006 | 461,976 | 611,727 | 3,111,618 | 81,006 | 461,976 | 611,727 | 3,111,618 |
| Fee and commission expense | - | - | - | - | - | - | - | - |
| **Net fee and commission income** | **81,006** | **461,976** | **611,727** | **3,111,618** | **81,006** | **461,976** | **611,727** | **3,111,618** |
| **Net interest, fee and commission income** | **2,104,342** | **6,931,259** | **4,106,847** | **15,681,613** | **2,104,342** | **6,931,259** | **4,106,847** | **15,681,613** |
| Net trading income | - | - | - | - | - | - | | |
| Other operating income | - | - | 22,282 | 40,220 | - | - | 22,282 | 40,220 |
| **Total operating income** | **2,104,342** | **6,931,259** | **4,129,129** | **15,721,833** | **2,104,342** | **6,931,259** | **4,129,129** | **15,721,833** |
| Impairment charge/(reversal) for loans and other losses | (6,187,540) | (23,088,997) | 7,812,851 | 13,117,427 | (6,187,540) | (23,088,997) | 7,812,851 | 13,117,427 |
| **Net operating income** | **8,291,882** | **30,020,256** | **(3,683,722)** | **2,604,406** | **8,291,882** | **30,020,256** | **(3,683,722)** | **2,604,406** |
| Operating expense | - | | - | | - | - | - | |
| Personnel expenses | 4,849,137 | 15,559,568 | 5,714,435 | 15,564,917 | 4,849,137 | 15,559,568 | 5,714,435 | 15,564,917 |
| Other operating expenses | 4,764,484 | 13,758,410 | 5,060,496 | 14,957,858 | 4,764,484 | 13,758,410 | 5,060,496 | 14,957,858 |
| Depreciation & Amortization | 1,673,370 | 4,973,603 | 1,822,747 | 4,992,261 | 1,673,370 | 4,973,603 | 1,822,747 | 4,992,261 |
| **Operating Profit** | **(2,995,110)** | **(4,271,325)** | **(16,281,399)** | **(32,910,630)** | **(2,995,110)** | **(4,271,325)** | **(16,281,399)** | **(32,910,630)** |
| Non operating income | - | - | - | - | - | - | - | - |
| Non operating expense | - | - | - | - | - | - | - | - |
| **Profit before income tax** | **(2,995,110)** | **(4,271,325)** | **(16,281,399)** | **(32,910,630)** | **(2,995,110)** | **(4,271,325)** | **(16,281,399)** | **(32,910,630)** |
| Income tax expense | - | - | - | | - | - | - | - |
| Current Tax | - | | - | | - | - | - | - |
| Deferred Tax | - | - | - | - | - | - | - | - |
| **Profit for the period** | **(2,995,110)** | **(4,271,325)** | **(16,281,399)** | **(32,910,630)** | **(2,995,110)** | **(4,271,325)** | **(16,281,399)** | **(32,910,630)** |

### Narayani Development Bank Limited
**Condensed Consolidated Statement of Other comprehensive income**
As on Quarter ended 30th Chaitra, 2080 (Amount in NPR, Full Figure)

| Particulars | Group | | | | Bank | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Current Year | | Previous Year Corresponding | | Current Year | | Previous Year Corresponding | |
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| Profit or loss for the year | **(2,995,110)** | **(4,271,325)** | **(16,281,399)** | **(32,910,630)** | **(2,995,110)** | **(4,271,325)** | **(16,281,399)** | **(32,910,630)** |
| **Other comprehensive income a) Items that will not be reclassified to Profit or loss** | | | | | | | | |
| • Gains/(losses) from Investments in equity instruments measured at fair value | 610,985 | (4,010,077) | 7,434,941.40 | (3,276,811) | 610,985 | (4,010,077) | (7,434,941) | (3,276,811) |
| • Gains/(losses) on revaluation | - | - | - | - | - | - | - | - |
| • Actuarial gains/(losses) on defined benefit plans | - | - | - | - | - | - | - | - |
| • Income tax relating to above items | (183,295) | 1,203,023 | 2,230,482 | 983,043 | (183,295) | 1,203,023 | 2,230,482 | 983,043 |
| **Net other comprehensive income that will not be reclassified to profit or loss** | **427,689** | **(2,807,054)** | **(5,204,459)** | **(2,293,768)** | **427,689** | **(2,807,054)** | **(5,204,459)** | **(2,293,768)** |
| **b) Items that are or may be reclassified to profit or loss** | | | | | | | | |
| • Gains/(losses) on cash flow hedge | - | - | - | - | - | - | - | - |
| • Exchange gains/(losses) (arising from trasalating financial assets of foreign operation) | - | - | - | - | - | - | - | - |
| • Income tax relating to above items | - | - | - | - | - | - | - | - |
| • Reclassify to profit or loss | - | - | - | - | - | - | - | - |
| **Net other comprehensive income that are or may be reclassified to profit or loss** | - | - | - | - | - | - | - | - |
| **c) Share of other comprehensive income of associate accounted as per equited method** | - | - | - | - | - | - | - | - |
| **Other comprehensive income for the period, net of income tax** | **427,689** | **(2,807,054)** | **(5,204,459)** | **(2,293,768)** | **427,689** | **(2,807,054)** | **(5,204,459)** | **(2,293,768)** |
| **Total comprehensive income for the period** | **(2,567,420)** | **(7,078,379)** | **(21,485,858)** | **(35,204,398)** | **(2,567,420)** | **(7,078,379)** | **(21,485,858)** | **(35,204,398)** |
| Basic earning per share | **- 1.63** | **- 1.63** | **- 13.41** | **- 13.41** | **- 1.63** | **- 1.63** | **- 13.41** | **- 13.41** |
| Diluted earning per share | **- 1.63** | **- 1.63** | **- 13.41** | **- 13.41** | **- 1.63** | **- 1.63** | **- 13.41** | **- 13.41** |
| **Profit attributable to:** | | | | | | | | |
| Equity holders of the Bank | (2,567,420) | (7,078,379) | (21,485,858) | (35,204,398) | (2,567,420) | (7,078,379) | (21,485,858) | (35,204,398) |
| Non-controlling interest | | | | | | | | |
| Profit for the period | **(2,567,420)** | **(7,078,379)** | **(21,485,858)** | **(35,204,398)** | **(2,567,420)** | **(7,078,379)** | **(21,485,858)** | **(35,204,398)** |

### Statement of Distributable Profit or Loss
As on Quarter ended 30th Chaitra, 2080

Amount in full figure

| Particulars | Amount |
|---|---|
| Net Profit for the period end Poush 2080 | (4,271,325) |
| **Net profit or (loss) as per statement of profit or loss** | |
| Appropriations: | |
| a. General reserve | - |
| b. Foreign exchange fluctuation fund | - |
| c. Capital redemption reserve | - |
| d. Corporate social responsibility fund | - |
| e. Employees' training fund | - |
| f. Other | - |
| **Profit or (loss) before regulatory adjustment** | **(4,271,325)** |
| Regulatory adjustment (if any) | - |
| **Distributable profit or (loss)** | **(4,271,325)** |

### Ratio as per NRB Directives Second Quarter
As on Quarter ended 30th Chaitra, 2080

| Particulars | Group | | | | Bank | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Current Year | | Previous Year Corresponding | | Current Year | | Previous Year Corresponding | |
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| Capital Fund To RWA | 10.55% | 10.55% | 13.85% | 13.85% | 10.55% | 10.55% | 13.85% | 13.85% |
| Non Performing Loan (NPL) To Total Loan | 31.77% | 31.77% | 4.81% | 4.81% | 31.77% | 31.77% | 4.81% | 4.81% |
| Total Loan Loss provision To Total NPL | 93.00% | 93.00% | 83.97% | 83.97% | 93.00% | 93.00% | 83.97% | 83.97% |
| Total Loan Loss provision To Total Loan | 29.52% | 29.52% | 4.00% | 4.00% | 29.52% | 29.52% | 4.00% | 4.00% |
| Cost of Fund | 7.34% | 7.34% | 8.37% | 8.37% | 7.34% | 7.34% | 8.37% | 8.37% |
| Credit To Deposit Ratio | 73.62% | 73.62% | 95.06% | 95.06% | 73.62% | 73.62% | 95.06% | 95.06% |
| Base Rate | 15.09% | 15.09% | 17.01% | 17.01% | 15.09% | 15.09% | 17.01% | 17.01% |
| Interest Spread | 4.47% | 4.47% | 4.65% | 4.65% | 4.47% | 4.47% | 4.65% | 4.65% |

**Notes to NFRS Compliant Financial Statement**

- The above financial statement has been prepared in accordance with Nepal Financial Reporting standards (NFRS) and in the format prescribed by Nepal Rastra Bank.
- Loan and advances are presented net of impairment charges where impairment has been computed as higher of amount derived as per the norms prescribed by Nepal Rastra Bank and as per para 5 of Carve-Out Alternatives provided for Bank and Financial Institutions under NFRS-9, whichever is higher according to the carve out issued by Institute of Chartered Accountants of Nepal (ICAN).
- Provision for gratuity and leave has been provided based on estimation by management and hence actuarial gain/loss has not been separately disclosed and will change as per actuary report.
- The above figures are subject to change upon otherwise instruction from statutory auditors and/or regulatory authorities.
- Detailed Financial Report is uploaded in the website of the bank (www.ndbl.com.np).
- Previous period figures have been regrouped / rearranged/ restated wherever necessary.
- The financial data presented for the previous quarter may vary from previously published figures. These variances result from adjustments made in accordance with the audited data for the period ending Ashadh 2080. These adjustments reflect updates and revisions based on the latest audited information available.

## धितोपत्रदर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची -१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित) आ.व. २०८०/८१ को तेस्रो त्रैमासिक प्रतिवेदन

### १. वित्तीय विवरण

(क) त्रैमासीक अवधीको वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु :

| | | |
|---|---|---|
| प्रतिशेयर आम्दानी : रू. (१.६३) | मूल्य आम्दानी अनुपातः रू (२५५.५०) | प्रतिशेयर नेटवर्थ : रू. २२.३ |
| प्रतिशेयर कूल सम्पत्तिको मूल्य : रू. २७५.२३ | तरलता अनुपात : ४१.०४% | पुंजीकोष अनुपात : १०.५५% |

### २. व्यवस्थापकीय विश्लेषण

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण** : समीक्षा अवधिमा अर्थतन्त्रमा देखिएको तरलता संकुचन, ब्यावसायिक कारेवारमा आएको मन्दीका कारणले अपेक्षित रुपमा बैंकको निक्षेप तथा कर्जा लगानीमा बृद्धी हुन नसकेतापनी क्रमश सुधार हुदै गएको छ ।

ख) आगामी अवधिको लागि व्यवसायिक योजना साथै दिगो आर्थिक विकासको लागि बैंकले विश्वसनीय तबरबाट विशुद्ध बैंकिङ सुविधा प्रदान गर्दै तथा सरोकारवालाहरुको हितको पनि संरक्षण गर्दै जानेछ ।

### ३. कानूनी कारवाही सम्बन्धी विवरण

(क) यस त्रैमासिक अवधिमा यस बैंकको Sytem interfere गरेर अवैध रुपमा ठगी गरेको उपयोगमा हेटौंडा उच्च अदालतमा चलिरहेको मुद्दा बाहेक बैंकले वा बैंकको विरूद्धमा कुनै मुद्दा दायर गरेको छैन ।

(ख) बैंकको संस्थापक वा संचालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा गरेको सम्बन्धमा बैंक समस्याग्रस्त घोषणा हुदाका बखतमानै मुद्दा दायर भई सम्मानित अदालतमा बिचाराधिन अवस्थामा रहेको छ ।

### ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

क) यस संस्थाका शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सूचिकृत भई कारोवार भैरहेको छ । शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हूँदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ । तर प्रचलित कानून अनुसार लगानीकर्ता तथा सम्बन्धित निकायहरूलाई उपलब्ध गराउन पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ ।

ख) यस विकास बैंकको त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य तथा कारोवार संख्या देहाय बमोजिम रहेको छ :

| महिना | कारोबार संख्या | कारोबार रकम रू | कारोबार भएको कुल दिन | उच्च मुल्य | न्युन मुल्य | अन्तिम मुल्य |
|---|---|---|---|---|---|---|
| माघ | ११३,१२८ | ४६,७०५,६८९ | २० | ४३१.७ | ३९०.१ | ४२० |
| फागुन | १२७,१३५ | ५३,०४३,५५९ | २० | ४४२ | ३९२ | ४०८.२० |
| चैत्र | १७९,८२८ | ७६,३४६,८२० | १८ | ४५० | ३९६ | ४१५.८० |

*(source: www.nepalstock.com.np)*

### ५. समस्या तथा चुनौतिहरू

**क) आन्तरिक समस्या एवं चुनौतिहरू**

- ❖ संचालन खर्च बढ्दै जानू, ब्याजदर अन्तर कम हुनु, दक्ष जनशक्तीको अभाव, निक्षेप तथा कर्जाको ब्याजदर छिटो परिवर्तन हुनु, लगानीका क्षेत्रहरु विस्तार हून नसक्नु, संचालन जोखिम बढ्नु जस्ता यावत समस्याको वावजुत दिगो रुपमा संस्थाको मूनाफा वृद्धि गर्दै जाने कार्य चूनौतिको रुपमा रहेको ।
- ❖ निष्क्रिय कर्जाको मात्रा बढ्नाले सम्पत्तिको गुणस्तर यथावत राख्न चुनौती रहेको ।
- ❖ अर्थतन्त्रमा देखिएको तरलता संकुचनका कारण ब्यवसाय प्रभावित हुने सम्भावना यथावत रहनु । नयाँ अवसरहरुको पहिचान गरी ब्यावसायिक कारोवार गर्नुको विकल्प नरहेको बिद्यमान अवस्थालाई चिर्नुपर्ने चुनौती रहेको ।
- ❖ ब्याजमा आधारित आम्दानी भन्दा अन्य आम्दानी बढाउनमा चुनौती रहेको ।
- ❖ प्रतिस्पर्धात्मक बैंकिङ कारोवारको लागी प्रबिधिक रुपमा सक्षम हुन चुनौती रहेको ।
- ❖ तिव्र रुपमा मुलुकमा विस्तार भइरहेको बैकिंग कारोबार तथा शाखाहरु वृद्धि संग संगै संचालन जोखिम व्यवस्थापनमा थप चुनौतीपूर्ण रहेको ।

**ख) बाह्य समस्या एवं चुनौतिहरू**

- ❖ वढ्दो प्रतिस्पर्धा, सुचना तथा प्रविधिको क्षेत्रमा देखिएका जोखिम तथा चुनौतिहरु आदी ।
- ❖ अर्थतन्त्रमा देखिएको तरलता संकुचनको कारणले सृजना भएका तथा भविष्यमा हुने अन्य चुनौतीहरु ।
- ❖ बजारमा आएको ब्यावसायिक मन्दीको कारण ग्राहकहरुको नगद प्रवाहमा आउने बिचलनले सृजना हुने चुनौतीहरु ।
- ❖ बैंकिङ तथा वित्तीय क्षेत्रमा हुने बिभिन्न नकारात्मक घटना, बाह्य आक्रण, अफवाह लगाएतका समाचार सम्प्रेषणले बित्तीय संस्थामा पर्ने बहुआयामिक असरले सृजना हुन जाने चुनौतीहरु ।

**रणनीति**

बैंकले माथि उल्लेखित आन्तरीक समस्या तथा चुनौतीहरुका बिषयमा सचेत भई सो बाट उत्पन्न हुन सक्ने जोखिमको बिषयमा अध्ययन गरी नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन, बिभिन्न समयमा बैंक तथा बित्तीय संस्थालाई जारी हुने परिपत्र, संस्थाको नीति, नियम तथा कार्यबिधिको अधिनमा रही आवश्यक रणनीति तर्जुमा गर्ने, न्युन लागत भएका दिगो निक्षेप लाई बढावा दिई व्याजदरलाई सन्तुलीत राख्ने आवश्यक कदमहरु अवलम्वन गर्ने, संचालन खर्च न्युनीकरण गर्न तर्फ सचेत रहने, बैंकको व्यवसाय अभिबृद्धि तथा शाखा संजाल बढाउदै लगि सिपयुक्त कर्मचारी भर्ना गर्ने, कर्मचारीहरुलाई आफ्नो कार्य क्षमता वृद्धि गरी स्तरीय सेवा प्रदान गर्न तालिमहरु उपलब्ध गराउने तथा बैंक प्रति आबद्ध तथा प्रतिबद्ध राख्न यथोचित निति अवलवन गर्ने ।

### ६. संस्थागत सुशासन

बैंकले नेपाल राष्ट्र बैंकद्वारा संस्थागत सुशासन सम्वन्धमा जारी गरेका एकीकृत निर्देशनहरुको पालना गर्नका साथै लेखापरीक्षण समिति द्वारा संस्थागत सुशासन पालना भए नभएको सम्वन्धमा आवश्यक लेखा जोखा गर्ने गरिएको/साथै समय समयमा नेपाल राष्ट्र बैंकद्वारा हुने स्थलगत निरिक्षण, आन्तरीक तथा वाह्य लेखापरीक्षकको प्रतिवेदनको आधारमा संस्थागत सुशासनलाई सुदृढ वनाउन बैंक संचालक समिति कटीवद्ध छ ।

### ७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण


आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको सत्यताका सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

## 'पुजार सार्की'को 'दर्शन गरैँ' सार्वजनिक

आगामी जेठ १० गते रिलिज हुने नेपाली चलचित्र 'पुजार सार्की'को पहिलो गीत 'दर्शन गरैँ' सार्वजनिक गरिएको छ । गीतमा तीन अभिनेता आर्यन सिग्देल, प्रदीप खड्का र पल शाहसहित दुई अभिनेत्रीहरु अञ्जना बराइली र परीक्षा लिम्बुको कौडा नृत्य छ । कास्कीको धम्पुसमा छायांकन गरिएको गीतको कोरियोग्राफर शिशिर खाती हुन् । हर्क साउदका शब्द र सुवास भुसालको संगीत रहेको यस गीतमा प्रकाश सपुत र र शान्ति श्री परियारको स्वर छ । चलचित्रमा आर्यन सिग्देल, प्रदीप खड्का, पल शाह, अञ्जना बराइली, परीक्षा लिम्बु, मोहन निरौला, लोकेन्द्र लेखक, सुवास गजुरेल, विद्या कार्की, तारा शर्मा, शंकर आचार्य, प्रेम सुब्बा, गोविन्द रमण पराजुली, राजेश बिसुराल लगायतको अभिनय छ ।



# 'पूर्ण बहादुरको: सारंगी'को निर्माणको घोषणा






■ प्रभाव संवाददाता

**काठमाडौं–** नयाँ नेपाली फिल्म 'पूर्ण बहादुरको: सारंगी'को निर्माण घोषणा गरिएको छ । नेपाली फिल्मको अन्तर्राष्ट्रिय वितरणमा सक्रिय रहँदै आएको सेभेन सिज इन्टरटेनमेन्टले निर्माण गर्न लागेको फिल्मको शुक्रबार मोसन पोस्टर सार्वजनिक गर्दै औपचारीक घोषणा गरिएको हो ।

सेभेन सिज सिनेमाज् को प्रस्तुतिमा बन्न लागेको यस फिल्मलाई विं.सं. २०८२ साल भित्र विश्व बजारमा प्रदर्शन गर्ने लक्ष्य सहित निर्माण टिमले सार्वजनिक गरेको मोसन पोस्टरमा मौलिक कथा र कलात्मक प्रस्तुति रहने बुझ्न सकिन्छ ।

सार्वजनिक मोसन पोस्टरमा सारंगीको मिठो धुन अनि पहाडको बाटो । अगाडि बुढो रुख नजिकै देखिन्छन्, एक व्यक्ति । जसले काँधमा झुण्ड्याएका छन् सारंगी, र बच्चा बोकेका छन्, काँधमा । बच्चाले सोध्छ- तिमी मलाई सधैं किन काँधमा बोकेर हिड्छौ ? हाँस्दै बाउले जवाफ दिन्छ- म भन्दा ठूलो मान्छे होलास्, मैलेभन्दा परसम्म देख्लास् भनेर । यतिभन्दा ऊ भक्कानिसकेको हुन्छ । गला अवरुद्ध हुन्छ । थप बोल्न सक्दैन ।

स्वभाविक पनि हो, उसलाई हेर्दा ऊ गाउँघरमा सारंगी रेटेर आफ्नो घरपरिवार चलाइरहेको अनुमान लगाउन सकिन्छ । ऊ जहाँ जान्छ, बच्चालाई यसैगरी सँगै लिएर हिँड्ने गरेको बुझ्न सकिन्छ । गाउँ छोडेर सहरसम्मको पँखेटा लगाउने उसमा चाह भए पनि परिवन्धमा परेर घर छोड्न नसकेको अनुमान लगाउन सकिन्छ । उसको परिवारमा बाउ र छोरा मात्रै रहेको अनुमान लगाउन सकिन्छ ।

हुन पनि हो, यो संसारमा मान्छे एउटा त्यस्तो प्राणी हो जसले एउटा व्यक्तिको मात्रै इर्ष्या गर्दैन । त्यो हो सन्तान र उसको प्रगति । आफ्नै दाजुभाइको समेत इर्ष्या गर्ने मान्छेलाई आफ्नो सन्तानले भने आफूलाई पनि उछिनेर अगाडि बढेको हेर्ने चाह हुने गरेको बताइन्छ । त्यही तथ्यलाई यो संवादले संकेत गरेको छ ।

संवादपछि सन्तानको खुसीका लागि आफूले सकेजति घाम र हुरी पनि छेकिदिने र शरीरमा एकमुठ्ठी सास रहेसम्म सन्तानलाई काँधमा बोकेर हिँडिरहने माया दशाइरहेका बेला फिल्म 'सारंगी'को मोसम पोस्टरको क्रेडिट लाइन सुरु हुन्छ । फिल्मले सारंगी बजाउँदै हिँड्ने गाइने समुदायको बाध्यता र सन्तानप्रतिको त्यागको कथा भन्ने मोसन पोस्टरमाफर्त् संकेत गरेको छ ।

विनोद पौडेल र प्याट्रिक सुवेदीको लगानी रहने यो फिल्मलाई सरोज पौडेलले लेखन तथा निर्देशन गर्दै छन् । रमेश चौलागाई र हरि श्रेष्ठ कार्यकारी निर्माता रहेको फिल्ममा महेश दवाडीको पटकथा तथा संवाद, प्रशान्त सिवाकोटीको संगीत छ ।

## 'रावायण'को चर्चा

**काठमाडौं (प्रस)–** निर्देशक सुदर्शन थापाको महत्वकांक्षी प्रोजेक्ट 'रावायण' को चर्चा यतिबेला व्यापक छ । यसै वर्षको भदौ २१ गते तिजको दिन रिलिज हुने फिल्मले कलाकारदेखि प्राविधिकसम्मलाई अनुबन्धित गर्दै 'वेलकम बोर्ड' मार्फत आफ्नो टिममा स्वागत गरेको छ । नेपाली फिल्ममा प्राविधिक लाई पनि 'वेलकम बोर्ड' मा समेटेर सामाजिक सञ्जाल फेसबुकमार्फत सार्वजनिक गरेको सम्भवत 'रावायण' पहिलो फिल्म हो ।

सुदर्शनले अधिकांश निर्माता र निर्देशकले प्रमुख कलाकारलाई मात्र 'वेलकम बोर्ड' मार्फत स्वागत गरेको देखिएको उल्लेख गर्दै आफूले भने प्राविधिकहरूलाई पनि समेटेको बताए । "कलाकारले मात्र फिल्म बन्दैन" फिल्मको महत्वपूर्ण पाटो भने प्राविधिकहरू पनि हुन् । त्यसकारण हामी हरेक प्राविधिकलाई उत्तिकै स्थान दिन चाहन्छौं । फिल्ममा हरेक प्राविधिकको पनि उत्तिकै मेहनत हुन्छ । ती प्राविधिकलाई दर्शकले पनि चिन्नुपर्छ भन्ने मेरो मान्यता हो', सुदर्शनले भने ।

सुदर्शन थापा प्रोडक्शन र पुजा शर्मा प्रोडक्शनको संयुक्त व्यानरमा बन्ने फिल्म सुदर्शन थापा र पुजा शर्मा मिलेर निर्माण गर्न लागेका हुन् । फिल्मका मुख्य कलाकारहरूमा पल शाह, पुजा शर्मा, प्रियंका कार्की, प्रमोद अग्रहरी, निकीता चण्डक, प्रकाश शाह, कैलाश रावल, अर्जुनजंग शाही, शर्मिला मल्ल, प्रदिप ढकाल लगायत धेरै नया' तथा पुराना कलाकार हरूको अभिनय रहनेछ । फिल्म वैशाखको दोस्रो साताबाट फ्लोरमा जानेछ, यो चलचित्र लाई निकै नै ठुलो क्यानभासमा निर्माण गरिदै छ । फिल्ममा शिवम अधिकारीको लेखन, सौरभ लामाको छायांकन, विक्रम स्वार र रामजी लामिछानेको कोरियोग्राफि, श्री श्रेष्ठको एक्सन हुनेछ ।

# महाजात्रा पाँचौं सातामा, कमायो २६ करोड ६५ लाख



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'जात्रा' र 'जात्रै जात्रा' पछि षट्कोण आर्ट्सले निर्माण गरेको तेस्रो भाग 'महाजात्रा' प्रदर्शनको पाचौं सातामा प्रवेश गरेको छ ।

यसका साथै फिल्मले चौथो सातासम्म नेपालमा १५ करोड ९० लाख र अन्तर्राष्ट्रिय बजारमा १० करोड ७५ लाख रूपैयाँको व्यापार गर्दै विश्वभरबाट २६ करोड ६५ लाख रूपैयाँको ग्रस कलेक्सन गरेको छ ।

नेपालमा षट्कोण आर्ट्सबाट निर्मित अघिल्ला फिल्मको रेकर्ड तोडेको फिल्म 'महाजात्रा' अन्तर ष्ट्रियबजारमा सर्वाधिक कमाइ गर्ने नेपाली फिल्म बनेको छ । अन्तर्राष्ट्रियबजारमा बलियो बनाउनुका साथै फिल्मको माध्यमबाट नेपाली कला, संस्कृति र भाषाको प्रवर्द्धनमा सहयोगी भूमिका निर्वाह गर्न पाउँदा आफूसहित सम्पूर्ण टिम हर्षित रहेको निर्माता म्याक्स दीपेश खत्रीले बताए ।

'महाजात्रामार्फत हामीले प्राप्त गरेको माया र शुभेच्छाले हामीलाई आउँदा दिनमा थप जिम्मेवार बनाएको छ । परिवारलाई एकसाथ हलसम्म ल्याएर खुसी बनाउन पाउदासँगै फिल्मको व्यावसायिक सफलताको पाटो हाम्रो लागि सुनमा सुगन्ध झैं भएको छ', निर्माता खत्रीले भने ।

अन्तर्राष्ट्रिय वितरक कम्पनि एमएसएम इन्टरटेन्मेन्टले उपलब्ध गराएको तथ्याङ्कअनुसार नेपालपछिको दोस्रो ठुलो मार्केट मानिने अष्ट्रेलियामा ९० बढी शो, संयुक्तराज अमेरिकामा ६५ बढी शो, न्युजिल्यान्डमा १४ शो, युरोप अन्तर्गतका देशमा ५० शो, क्यानडामा १२ शो, जापानमा १५ शो र दक्षिण कोरियामा १२ शो भईसकेको छ । यस्तै, अष्टेलियाको सिड्नीमा अत्यधिक प्रदर्शन हुने नेपाली फिल्म 'महाजात्रा' बनेको छ । अप्रिल २१ सम्मको यसको कुल ३३ शो सेड्युल गरिएको छ । यति शो अहिलेसम्म सिड्नीमा कुनै नेपाली फिल्मको गरिएको छैन ।

उक्त सम्पूर्ण शोहरू 'सोल्ड आउट' थिए । मध्यपूर्व अन्तर्गतका देशहरू कतार, युनाइटेड अरब इमिरेट्स, बहराइन, ओमान र मलेसियामा नियमित बक्सअफिसमा प्रदर्शन भइरहेको छ ।

निर्माता खत्रीले दर्शकसँगै हलमै आएर फिल्म हेर्नुभएका नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने, पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई, पूर्वप्रधानमन्त्री झलनाथ खनाल, पूर्वरानी कोमल राज्यलक्ष्मी शाह लगायतका विशिष्ट व्यक्तिलाई समेत धन्यवाद दिए ।

प्रदीप भट्टराईको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा हरिवंश आचार्य, वर्षा राउत, दिव्य देव, अर्जुनजंग शाही, प्रकाश घिमिरे, राजाराम पौडेल, प्रवीण खतिवडा, सुमन कार्की, शिशिर बाङ्देल, गौमाया गुरुङ, अरविन खड्का लगायतको अभिनय रहेको छ । म्याक्स दीपेश खत्री र यज्ञश्वर पौडेलले संयुक्त रूपमा निर्माण गरेका फिल्मका कार्यकारी निर्माता रवीन्द्रसिंह बानियाँ हुन् । षट्कोण आर्ट्सले विसं २०८२ को दसैंमा नयाँ फिल्म दर्शक माँझ ल्याउने घोषणा समेत गरेको छ ।



**एसिसी प्रिमियर कप**

# एसिया कपबाट बाहिरियो नेपाल

## उपाधिका लागि ओमान र युएई भिड्ने




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालको दोस्रो पटक एशिया कप खेल्ने सपना अधुरै बनेको छ । शुक्रबार सम्पन्न एसीसी प्रिमियर कपअन्तर्गत पहिलो सेमिफाइनलमा यूएईसँग ६ विकेटले पराजित भएसँगै नेपाल एशिया कपमा पुग्न असफल भएको हो ।

गत वर्ष घरेलु मैदानमा आयोजना भएको एसीसी प्रिमियर कपको फाइनलमा यूएईलाई पराजित गर्दै नेपालले दोस्रो पटक एशिया कपमा स्थान बनाएको थियो । नेपालले त्यसअघि सन् २००२ मा एशिया कपमा स्थान बनाए पनि खेल्न भने पाएको थिएन ।

नेपाल समूह चरणमा शतप्रतिशत जितसहित विजेता बन्दै सेमिफाइनलमा पुगेको थियो । समूह 'बी' मा रहेको मलेसियालाई ५, हङकङलाई ८ र साउदी अरबलाई नेपालले ६ विकेटले पराजित गरेको थियो । यस्तै, कतारलाई नेपालले ३२ रनले पराजित गरेको थियो ।

यूएई भने समूह 'ए'को उपविजेता बनेर सेमिफाइनल पुगेको थियो । कुवेतलाई ७ र कम्बोडियालाई ९ विकेटले पराजित गरेको यूएईले बहराइनलाई ३७ रनले हराएको थियो । ओमानसँग भने यूएई ९ विकेटले पराजित भएको थियो ।

### फाइनलमा ओमान र युएई भिड्ने

एसीसी प्रिमियर कपको फाइनलमा आयोजक ओमान र युएई खेल्ने भएका छन् । शुक्रबार सम्पन्न दोस्रो सेमिफाइनलमा ओमानले हङकङलाई ५ विकेटले पराजित गर्दै फाइनलमा पुगेको हो । हङकङले दिएको १३१ रनको लक्ष्य पछ्याएको ओमानले १९.२ ओभरमा ५ विकेट गुमाउदै लक्ष्य पुरा गरेको थियो । यस अघि हङकङले पहिला ब्याटिंग गर्दै २० ओभरमा ९ विकेट गुमाएर १३० रन बनाएको थियो । यस अघि पहिलो सेमिफाइनलमा युएईले नेपाललाई ६ विकेटले पराजित गरेको थियो । फाइनल खेल आइतबार नेपाली समय अनुसार ४: १५ बजेदेखि शुरु हुने छ । फाइनलको विजेताले २०२५ मा हुने टी-२० एशिया कप खेल्न पाउने छ ।

### तेस्रो स्थानका लागि नेपाल र हङकङ

एसीसी प्रिमियर कप अन्तर्गत तेस्रो स्थानको लागि नेपाल र हङकङ खेल्ने भएका छन् । सम्पन्न दोस्रो सेमिफाइनलमा हङकङ ओमानसँग पराजित भएपछि तेस्रो स्थानको लागि नेपालसँग खेल्ने भएको हो । यसअघि शुक्रबार नै सम्पन्न पहिलो सेमिफाइनलमा नेपाल युएईसँग ६ विकेटले पराजति भएको थियो । तेस्रो स्थानको खेल शनिबार नेपाली समय अनुसार ४: १५ बजेदेखि हुने छ ।

**चौथो संस्करणको मिल्स गोल्डकप**

# बर्दिबासलाई हराउँदै एपिएफ सेमिफाइनलमा

■ प्रभाव संवाददाता



**विराटनगर–** चौथो संस्करणको मिल्स गोल्डकप फुटबल प्रतियोगिता सशस्त्र प्रहरी बल (एपिएफ) पकली सुनसरी सेमिफाइनलमा पुगेको छ । मिल्स गोल्डकप फुटबल ट्रस्टको आयोजनामा विराटनगर जुट मिलको खेल मैदानमा शुक्रबार भएको उद्घाटन खेलमा महोत्तरीको नगर खेलकुद विकास समिति बर्दिबासलाई ४-१ गोलले हराउँदै एपिएफ सेमिफाइनलमा पुगेको हो ।

एपिएफका हरि कार्कीले दुई गोल, दिसन राई र धनबहादुर श्रेष्ठले १/१ गोल गरे । बर्दिबासका पवन पाखिनले सान्त्वना गोल फर्काए । जितसँगै एपिएफले पहिलो सेमिफाइनल खेल आइतबार हुने टिडबलुवाइसि विराटनगर र कनकाई स्पोर्टिङ क्लब सुरुङगा झापाबीचको विजेता टिमसँग खेल्नेछ ।

एकपक्षीय खेल पस्किएको एपिएफले ११औं मिनेटमा हरिले गोल गर्दै टिमलाई अग्रता दिए । एपिएफका कप्तान उज्ज्वल चाम्लिङले निकालेको पासलाई हरिले गोलमा परिणत गरे ।

पहिलो गोल गरेको एक मिनेट बित्न नपाउँदै दिसनले २५ यार्डबाट गरेको प्रहारले जाली चुम्यो । दोस्रो गोल पनि एपिएफका कप्तान उज्ज्वले पास निकालिदिएका थिए ।

२२औं मिनेटमा हरि कार्कीले गोल गरी अग्रता तेब्बर बनाए । भरत कपालीले कर्नर लाइनबाट निकालेको पासलाई हरिले आकर्षक गोल गरे । दोस्रो हाफको अतिरिक्त समयमा एपिएफका धनबहादुर श्रेष्ठले गोल टिमको जित सुनिश्चित गरे । खेलको ५५औं मिनेटमा बर्दिबासका पवन पाखिनले सान्त्वना गोल फर्काए । खेलको शुरूआतदेखि आक्रामक खेल पस्किएको एपिएफले अन्तिमसम्म दबाबमा राख्न सफल भयो ।

खेलको १६औं मिनेटमा बडिपले गरेको कडा प्रहार बाहिरियो । ३७औं मिनेटमा बर्दिबासका कृष्ण मगरको प्रहार पोस्ट माथिबाट बारियो । खेलको म्यान अफ द म्याच एपिएफका हरि कार्की भए । उनले नगद तीन हजार पाए ।

प्रतियोगिताको शनिबारको खेल पेमा युवा क्लब विराटनगर र पियर फुटबल क्लब धरान सुनसरीबीच हुनेछ । मिल्स गोल्डकप फुटबल ट्रस्टको आयोजनामा भएको प्रतियोगितामा प्रदेशस्तरीय 'ए' डिभिजनका ८ टिमको सहभागी रहेको अध्यक्ष विष्णु डंगोलले जानकारी दिए ।

बैशाख ७ गतेबाट शुरू भएको प्रतियोगिताको फाइनल बैशाख १५ गते हुनेछ । प्रतियोगिताको विजेताले नगद २ लाख ११ हजार एक सय र उपविजेताले १ लाख ११ हजार १ सय रूपैयाँ पाउने खेल संयोजक मनोज खड्काले जानकारी दिए ।

# एसियन सिटी चेस च्याम्पियनसिपमा ५ खेलाडीले चुनौती प्रस्तुत गर्ने

**काठमाडौं (प्रस)–** एशियन सिटी चेस टिम च्याम्पियनसिपमा ५ खेलाडीले चुनौती प्रस्तुत गर्ने भएका छन् ।

अप्रिल २० देखि ३० तारिखसम्म रुसमा हुने प्रतियोगितामा पुरुषोत्तम चौलागाईं, सुश्रुत दाहाल, गोविन्दमान श्रेष्ठ, इन्द्रकुमार बस्नेत र सागर श्रेष्ठले नेपालको चुनौती प्रस्तुत गर्ने भएका हुन् ।

गत पुसमा भएको छैटौं तुलसीलाल अमात्य स्मृति राष्ट्रिय क्लब टिम चेस प्रतियोगिताबाट खेलाडी छनोट गरिएको उक्त प्रतियोगिताका संयोजक राजु ताम्राकारले जनाएका छन्। उक्त प्रतियोगितामा यी ५ खेलाडीको टिम पहिलो भएका थियो । अफिसियलमा सजल कार्की छन् ।

टोलीलाई सफलताको शुभकामना दिँदै राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले शुक्रबार एक कार्यक्रमबीच बिदाइ गरे ।

भारतमा लेकसभा निर्वाचन

# शुक्रबारबाट सुरु भयो मतदान

- ९६ करोडभन्दा बढी मतदाता मतदानका लागि योग्य
- १० लाखभन्दा बढी मतदान केन्द्र
- लोकसभाका ५४३ सिटका लागि मतदान हुने
- जुन १ सम्म सात चरणमा मतदान हुने
- निर्वाचनको नतिजा जुन ४ मा सार्वजनिक हुने




**नयाँ दिल्ली–** शुक्रबारदेखि सुरु भएको भारतको आम निर्वाचनमा भारतीय जनता पार्टी (भाजपा) का वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीले तेस्रो कार्यकालका लागि सत्तामा रहन सक्ने निर्णय झन्डै एक अर्ब मतदाताले गर्ने छन् ।

उनले भारतका अधिकांश क्षेत्रमा गहिरो जरा गाडेको प्रमुख विपक्षी दल भारतीय राष्ट्रिय कांग्रेसको नेतृत्वमा रहेको भारतीय राष्ट्रिय विकास समावेशी गठबन्धन (इन्डिया) नामक करिब दुई दर्जन विपक्षी दलहरूको गठबन्धनबाट चुनौती सामना गरिरहेका छन् ।

भारतीय संसद्मा दुई सदन (लोकसभा वा जनताको सभा र राज्य सभा वा राज्य परिषद्) रहेका छन् । आगामी निर्वाचनमा लोकसभाका ५४५ सिटमध्ये ५४३ सिटका लागि मतदाताले मतदान गर्ने र बाँकी दुई राष्ट्रपतिले मनोनयन गर्ने छन् । लोकसभाका लागि प्रत्येक पाँच वर्षमा निर्वाचन हुन्छ । पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत मतदाताहरूले एक उम्मेदवारलाई भोट दिन्छन् र सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारले चुनाव जित्छ । बहुमत सिट जित्ने दल वा गठबन्धनले सरकार बनाउँछ ।

विश्वको सबैभन्दा धेरै जनसंख्या भएको देशमा मतदान गर्नका लागि ९६ करोडभन्दा बढी मतदाता १० लाखभन्दा बढी मतदान केन्द्रमा मतदान गर्न योग्य रहेको अधिकारीहरूले बताएका छन् । निर्वाचनका लागि करिब एक करोड ५० लाख मतदान अधिकृत र सुरक्षाकर्मी खटाइने छन् ।

जुन १ सम्म सात चरणमा हुने निर्वाचनको नतिजा जुन ४ मा सार्वजनिक हुने छ । निर्वाचनसँग जोडिएको खर्च निकै ठूलो रहेको छ । दिल्लीस्थित 'सेन्टर फर मिडिया स्टडिज'का अनुसार २०१९ को आमचुनावमा आठ अर्ब ६० करोड अमेरिकी डलर खर्च भएको र यस वर्षको लागत १४ अर्ब ४० करोड अमेरिकी डलर नाघ्ने अनुमान गरिएको छ ।

मोदी सन् २०१४ मा प्रधानमन्त्रीमा निर्वाचित भएका थिए भने सन् २०१९ मा पुनःनिर्वाचित भएका थिए । भाजपाले क्रमशः २८२ र ३०३ सिट प्राप्त गर्दै दुवै निर्वाचनमा ठूलो अन्तरले जितेको थियो । भाजपा र उसका सहयोगीहरूले आगामी चुनावमा ४०० भन्दा बढी सिट जित्ने लक्ष्य राखेका छन् ।

विगत एक दशकमा भारतको आर्थिक उपलब्धि भए पनि केही सञ्चारमाध्यम र विज्ञहरूले वास्तविक आर्थिक कार्यसम्पादन सरकारले दावी गरेजस्तो राम्रो नभएको र विकासका फाइदाहरू समाजका तल्लो तहसम्म पुग्न नसकेको विश्वास गरेका छन् । सन् २०१४ मा मोदी सरकारले प्रस्ताव गरेको 'मेक इन इन्डिया' पहलले भारतको आर्थिक वृद्धिमा उत्पादन क्षेत्रको योगदानलाई सन् २०१५ मा १६ प्रतिशतबाट सन् २०२२ सम्म २५ प्रतिशतमा पुऱ्याउने लक्ष्य राखेको थियो । तर यो वास्तवमा १३ प्रतिशतमा झरेको छ ।

यसले देशमा लगातार उच्च बेरोजगारी दर निम्त्याएको छ । हिन्दुस्तान टाइम्सका अनुसार, 'लोकनीति-सेन्टर फर द स्टडी अफ डेभलपिङ सोसाइटिज' द्वारा गरिएको प्रि-पोल सर्वेक्षणले १० हजार १९ उत्तरदातामध्ये आधाभन्दा बढीले मूल्यवृद्धि र जागिरको अभावमा चिन्ता व्यक्त गरेका छन् । भारतीय किसानहरूले बालीनालीको न्यूनतम मूल्य ग्यारेन्टी गर्ने, किसानको पेन्सन र ऋण माफीलगायतका कानुनको माग गर्दै विगत महिनादेखि विरोध प्रदर्शन गरिरहेका छन् ।

प्रमुख प्रतिपक्षी भारतीय राष्ट्रिय कांग्रेसले भारतीय इतिहासमा लामो समयसम्म सत्तामा रहँदा पनि सन् २०१४ को आमनिर्वाचनमा राहुल गान्धीलाई प्रधानमन्त्रीको उम्मेदवार बनाएर भाजपाविरुद्ध ठूलो हार बेहोरेको थियो । सन् २०२३ मा २६ विपक्षी दलहरूले 'इन्डिया' गठबन्धन गठन गरको छ ।

भारतमा आम आदमी पार्टी (आप) का अध्यक्ष तथा दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई मार्चमा संघीय सरकारको वित्तीय अपराध एजेन्सीले (इडी) भ्रष्टाचारको आरोपमा पक्राउ गरेको थियो । उनले आफ्नो गिरफ्तारी राजनीति प्रेरित भएको बताए । भाजपाले उक्त आरोप अस्वीकार गरेको छ ।

इडीले विगतका वर्षमा धेरै विपक्षी दलका नेताहरूलाई जेलमा पारेको र सोधपुछ गरेका छन् । उनीहरूविरुद्ध संघीय एजेन्सीहरूले मुद्दा दायर गरेका छन् । यसबाट विपक्षी दलहरू र नागरिक समूहहरूको विरोधलाई उत्प्रेरित गरेको छ । मार्चमा कांग्रेस पार्टीले संघीय सरकारले चुनावका लागि आफ्नो कोष कटौती गर्न कर विभाग प्रयोग गरेको आरोप लगाएको थियो । *रासस/सिन्ह्वा*

## विश्व बैंकद्वारा पाकिस्तानलाई कर प्रणलीमा सुधार गरी शुल्क र बिक्री कर छुट हटाउन आग्रह

**इस्लामाबाद–** विश्व बैंकले पाकिस्तानी सरकारलाई कर प्रणालीमा सुधार गरी शुल्क र बिक्री करमा विद्यमान छुट हटाउन आग्रह गरेको पाकिस्तानस्थित एआरवाई न्युजले जनाएको छ ।

पाकिस्तानबारे जारी गरेको रिपोर्टमा बैंकले पाकिस्तानी सरकारलाई आर्थिक र सामाजिक सुधारका लागि तत्काल कर प्रणाली सुधार तथा बिक्री कर छुट हटाउन आवश्यक सल्लाह दिएको एआरवाई न्युजको रिपोर्टले जनाएको छ ।

प्रतिवेदनअनुसार बैंकले सरकारलाई बाल विकासका लागि राष्ट्रिय नीति बनाउन आग्रह गर्दै ऊर्जा र अन्य वस्तुमा अनुदान घटाउन आह्वान गरेको छ । साथै, बैंकले सरकारलाई यी कोषहरू जनकल्याणका पहलहरूमा पुनः बाँडफाँट गर्नसमेत सुझाव दिएको छ । बैंकले सरकारलाई मितव्ययिताका उपायहरू अवलम्बन गरी सरकारी स्वामित्वका कम्पनीहरूमा सार्वजनिक-निजी साझेदारीलाई बढावा दिनुपर्ने आग्रह गरेको एआरवाई न्युजको रिपोर्ट जनाएको छ ।

प्रतिवेदनमा बैंकले पाकिस्तानलाई कर प्रणालीको पुनर्गठन, शुल्क र बिक्री करको छुट नियन्त्रण र अचल सम्पत्ति तथा कृषि उद्योगमा नयाँ कर लगाउन आग्रह गरेको छ । यसैगरी दीर्घकालीन व्यावसायिक योजना सिर्जना गरी उपभोक्ताहरूका लागि ग्यास आपूर्ति लागतसँग समायोजन गर्न पनि बैंकले आह्वान गरेको छ ।

सन् २०२३ मा विश्व बैंकले पाकिस्तानले आफ्नो वास्तविक क्षमताभन्दा कम कर संकलन गरिरहेको बताएको थियो । बैंकको प्रतिवेदनमा पाकिस्तानमा कर संकलनमा सात खर्ब ३७ अर्ब रूपैयाँ (पाकिस्तानी रूपैयाँ) ले कम भएको उल्लेख गर्दै ऋणको बोझ मुक्त गर्न सबै कर छुट समाप्त गर्न इस्लामाबादलाई आग्रह गरिएको छ । *रासस/एएनआई*

## रूसद्वारा २३५ अस्ट्रेलियालीलाई मस्को प्रवेशमा रोक

मस्को- अस्ट्रेलियाले रुसी निजी व्यक्ति र कानुनी संस्थाहरूमा प्रतिबन्ध लगाएपछि रुसको विदेश मन्त्रालयले मस्कोमा २३५ अस्ट्रेलियालीलाई अनिश्चितकालका लागि प्रवेशमा रोक लगाएको छ । युक्रेनमा रुसको आक्रमणको निन्दा गर्नका लागि सक्रियरूपमा आफ्नो मुलुकमा रुसविरोधी एजेण्डालाई बढावा दिइरहेका ती अस्ट्रेलियालीहरू नागरिक परिषद्का सदस्य भएको मस्कोले बताएको छ ।

'सामूहिक पश्चिमको रुसोफोबिक अभियानको हिस्साका रूपमा अस्ट्रेलिया सरकारले रुसी निजी व्यक्ति र कानुनी संस्थाहरूमाथि लगाएको राजनीतिकरूपले प्रेरित प्रतिबन्धको जवाफमा सक्रियरूपमा हाम्रो मुलुकमा रुसविरोधी एजेन्डालाई बढावा दिइरहेका २३५ अस्ट्रेलियाली नगरपालिकाका सदस्यहरूलाई रुसमा प्रवेश गर्न अनिश्चितकालका लागि अस्वीकार गर्ने निर्णय गरिएको छ,' रुसको विदेश मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ । यसका साथै यी अस्ट्रेलियालीमा पूर्वभिक्टोरियाली प्रधानमन्त्री डयानियल एन्ड्रयुज र भिक्टोरियाली विपक्षी नेता जोन पेसुट्टो पनि रहेका छन् । विज्ञप्तिअनुसार अब यी अस्ट्रेलियालीलाई रुसी संघ प्रवेशमा वञ्चित गरिएको छ ।

क्यानबेराले आफ्नो रुसविरोधी धारणा त्याग्ने र नयाँ प्रतिबन्ध जारी राख्नेबारे कुनै संकेत नदेखाएकाले मन्त्रालयले अस्ट्रेलियालीहरूको सूची थप अद्यावधिक गर्ने जनाएको छ । सन् २०२२ मा युक्रेनमा आक्रमण सुरु गरेपछि धेरै मुलुकले रुसी व्यक्ति र संस्थाहरूमाथि प्रतिबन्ध जारी गरेका छन् र रुससँग आयात तथा निर्यातमा प्रतिबन्ध लगाएका छन् । युक्रेनको सार्वभौमिकता र क्षेत्रीय अखण्डतामाथि रुसी खतराको जवाफमा अस्ट्रेलियाले रुसका सम्बन्धमा प्रतिबन्धहरू लगाएको थियो । *रासस/एएनआई*

## प्लास्टिक प्रदूषण अन्त्य गर्न राष्ट्रसंघीय कार्यक्रमको घोषणा

**ओटावा–** क्यानाडाले प्लास्टिक प्रदूषण अन्त्य गर्ने विश्वव्यापी समाधानका लागि अर्को हप्ता संयुक्त राष्ट्रसंघको कार्यक्रम आयोजना गर्ने बिहीबार घोषणा गरेको छ ।

मन्त्रालयले जारी गरेको विज्ञप्तिमा कार्यक्रमको अन्तरसरकारी वार्ता समिति (आइएनसी-४) को चौथो सत्र अप्रिल २३ देखि अप्रिल २९ सम्म राजधानी ओटावामा आयोजना हुने र सन् २०२४ को अन्त्यसम्म प्लास्टिक प्रदूषणमा एक वैश्विक सम्झौताको विकासका लागि अगाडि बढ्ने उल्लेख छ ।

संयुक्त राष्ट्र पर्यावरण कार्यक्रम (युएनइपी) द्वारा समन्वय गरिएको पाँच सत्रहरूको चौथो वार्ता सत्र आइएनसी-४ रहेको र प्लास्टिक प्रदूषण अन्त्य गर्ने साझा लक्ष्यमा विश्वलाई एकजुट गर्ने अन्तिम क्षणको प्रतिनिधित्व गर्ने विज्ञप्तिमा भनिएको छ । यद्यपि यो वर्षको अन्त्यमा दक्षिण कोरियामा आइएनसी-५ मा वार्ताको सफल निष्कर्षका लागि जग निर्माण गर्ने महत्त्वपूर्ण विन्दु हुने विज्ञप्तिमा उल्लेख छ ।

सन् २०२२ मा राष्ट्रसंघका सदस्य राष्ट्रहरूले संयुक्त राष्ट्र वातावरणसभाको पुनः सुरु भएको पाँचौं सत्रमा सन् २०२४ को अन्त्यसम्ममा प्लास्टिक प्रदूषणमा कानुनीरूपमा बाध्यकारी विश्वव्यापी सम्झौता विकास गर्ने जनादेशसहित अन्तरसरकारी वार्ता समिति गठन गर्न सहमत भएका थिए ।

संयुक्त राष्ट्र पर्यावरण कार्यक्रमले व्यापार-जस्तै-सामान्य परिदृश्यअन्तर्गत र आवश्यक हस्तक्षेपहरूको अभावमा, जलीय पारिस्थितिक प्रणालीमा प्रवेश गर्ने प्लास्टिकको फोहोरको मात्रा सन् २०१६ मा प्रतिवर्ष ९० लाखदेखि एक करोड ६० लाख टनबाट सन् २०४० मा अनुमानित तीन गुणा अर्थात लगभग दुई करोड ३० लाख टनदेखि तीन करोड ७० लाख टन हुन सक्ने बताएको छ । पाँचौं र अन्तिम योजनाबद्ध अन्तरसरकारी वार्ता समिति (आइएनसी-४) नोभेम्बर २५ देखि डिसेम्बर १ सम्म सन् २०२४ सम्म दक्षिण कोरियाको बुसानमा हुने छ । रासस/सिन्ह्वा


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALIGN ON DEMAND LABORS SUPPLY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८०/२/१२ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/०७ | LT No.286602 | चलानी नं : ६०२०२०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 25 | 900 | ३२३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Factory Worker | 50 | 0 | 900 | ३२३९० | | | | | | | |
| 3 | Packer | 2 | 0 | 900 | ३२३९० | | | | | | | |
| 4 | Stevedore | 16 | 0 | 1000 | ३५९८९ | | | | | | | |
| 5 | Ticket Collector | 2 | 10 | 1000 | ३५९८९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १५ गते (27th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351

Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAPTI RESTAURANT

पुर्व स्वीकृति मिति २०८०/१२/०२ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/०७ | LT. No. 301750 | चलानी नं. ६०२१२६६७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 2 | 2 | 1500 | ५४,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९१,५८५ | | | | | | | |
| 3 | General Clean Worker | 3 | 16 | 1000 | ३६,६३५ | | | | | | | |
| 4 | General Cook | 4 | 2 | 1500 | ५४,९५० | | | | | | | |
| 5 | Hotel Services | 2 | 0 | 1500 | ५४,९५० | | | | | | | |
| 6 | Juice Maker | 4 | 4 | 1500 | ५४,९५० | | | | | | | |
| 7 | Marketing Represent | 1 | 0 | 3000 | १०९,९०५ | | | | | | | |
| 8 | Receptionist | 0 | 1 | 1500 | ५४,९५० | | | | | | | |
| 9 | Supervisior | 4 | 1 | 2500 | ९१,५८५ | | | | | | | |
| 10 | Waiter | 13 | 5 | 1400 | ५१,२९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १५ गते (27th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257

E-mail: jalajalarecru2017@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARABIAN GULF FACILITY MANAGEMENT LLC

पूर्व स्वीकृति मिति २०८०/०४/३० | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/०७ | LT. No.291040 | चलानी नं.६०२०६२७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 45 | 0 | 1000 | ३६,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAFIR PLUS VALET PARKING SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/१०/१५ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/०७ | LT. No.299037 | चलानी नं.६०२१३९७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Collector | 33 | 0 | 1000 | ३६,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INTEGRATED PARKING SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/१०/१५ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/०७ | LT. No.299036 | चलानी नं.६०२१३७९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Collector | 43 | 0 | 1000 | ३६,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १५ गते (27th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: नि:शुल्क कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**

श्रम ईजाजत नं. १०१८/०६८/०६९

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14

Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HILAL AL MEYDAN CONTRACTING CO

पूर्व स्वीकृति मिति २०८०/०८/१४ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/०७ | LT. No. 295755 | चलानी नं. ६०२१०८०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facility Cleaning Worker | 8 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packing And Wrapping Worker | 8 | 0 | 1000 | ३५,५५५ | | | | | | | |

कम्पनी : ASIF RAFIQ PLASTIC INDUSTRY

पूर्व स्वीकृति मिति : २०८०/०५/१९ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/०७ | LT. No. 292079 | चलानी नं. ६०२०७२६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 6 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १६ गते (28th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 646/063/064

**Career International Services (P.) Ltd.**

धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३

Email : info@career-intl.com, Website : www.career-intl.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १३९२०० | प्रति तोला - १३८५५० | प्रति तोला - १७१५ |

## 'बन्द उद्योग सञ्चालन गर्न सरकारले नयाँ नीति ल्याउँछ'

■ प्रभाव संवाददाता



**चितवन–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले विभिन्न कारणले बन्द हुन पुगेका र रुग्ण अवस्थाका उद्योग सञ्चालनका लागि सरकारले चाँडै नयाँ नीति ल्याउने बताएका छन् ।

उद्योग वाणिज्य सङ्घ र कम्प्युटर एशोसिएशन नेपाल महासङ्घ, चितवनले भरतपुर महानगरपालिका-१० मा आयोजना गरेको पाँच दिने औद्योगिक प्रदर्शनी तथा सूचना प्रविधि मेलाको उद्घाटन कार्यक्रममा उहाँले विभिन्न समयमा बन्द भएका र रुग्ण उद्योग सञ्चालन कसरी गर्न सकिन्छ भने मिहीन ढंगले छलफल गरी नीति ल्याइने बताए ।

मन्त्री भण्डारीले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटबाट प्रत्येक प्रदेशमा कम्तीमा पनि एउटा औद्योगिक क्षेत्र बिस्तारको कार्यक्रम ल्याइने जानकारी गराए । उनले भने, 'उद्योगी व्यवसायीले निराश हुनुपर्ने स्थिती आउन नदिन सरकार लागिपरेको छ, हामी अहिले देखिएको निराशालाई आशामा बदल्छौं ।'

अहिले सरकार मुख्यत: लगानी सम्मेलनमा केन्द्रित रहेको उल्लेख गर्दै भण्डारीले उद्योगी व्यवसायीले महसुस गर्ने गरी आगामी नीति तथा कार्यक्रम र बजेट ल्याइने बताए । उनले भने, 'मन्त्रालयले स्वदेशी वस्तु उपभोगसम्बन्धी नीति र 'स्टार्टअप' कार्यक्रम चाँडै ल्याउँदैछ, आन्तरिक उत्पादन बढाउन उद्योग नीति पनि समयसापेक्ष परिवर्तन गर्नुपर्ने छ ।'

तीन तहका सरकारबीच नीतिगत समस्याले पनि आर्थिक गतिविधि बढ्न नसकेको उल्लेख गर्दै उनले सरकार सबै यस्ता समस्या अन्त्य गरेर अगाडि बढ्ने बताए । मन्त्री भण्डारीले विगतका दुई लगानी सम्मेलनको अनुभवलाई आत्मसात गर्दै सरकार अहिलेको सम्मेलनलाई अझ सफल बनाउन लागिपरेको जानकारी गराए ।

## माथिल्लो अरुणमा वित्तीय व्यवस्थापनका लागि सहमति

**काठमाडौं (प्रस)–** संखुवासभामा निर्माण प्रस्ताव गरिएको एक हजार ६३ मेगावाट क्षमताको माथिल्लो अरुण अर्धजलाशययुक्त जलविद्युत् परियोजनाको वित्तीय व्यवस्थापनका लागि सैद्धान्तिक सहमति जुटेको छ ।

विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) को संयुक्त बैठकमा सहभागी हुन अमेरिका भ्रमणमा रहेका अर्थमन्त्री वर्षमान पुन र विश्व बैंक उच्च नेतृत्वबीच वासिन्टन डिसीमा भएको वार्तामा त्यसबारे सैद्धान्तिक सहमति भएको अर्थ मन्त्रालयले जनाएको छ ।

अर्थमन्त्री पुन र विश्व बैंकका दक्षिण एसिया हेर्ने उपाध्यक्ष मार्टिन रेजरबीच माथिल्लो अरुणसहित विश्व बैंकको लगानीमा नेपालमा सञ्चालित आयोजनाबारे छलफल भएको थियो । विश्व बैंकको लगानीमा सञ्चालित अरु विकास आयोजनाको कामलाई समेत तीव्रता दिने विषयमा छलफल भएको थियो ।

नेपालले परम्परागत रूपमा उपयोग गर्दै आएको विश्व बैंकको सहुलित दरमा ऋण दिने संस्था इन्टरनेशनल डेभलपमेन्ट एसोसिएसन (आईडीए) सुविधा बढाउने र आयोजनाहरूमा विविधिकरण गर्नेबारे समेत कुराकानी भएको जनाइएको छ ।

माथिल्लो अरुण परियोजनामा वित्तीय व्यवस्थापनका लागि विश्व बैंकले नेतृत्व गर्ने गरी सैद्धान्तिक निष्कर्षमा पुगिएको मन्त्री पुनको भ्रमण टोली सदस्य एवं अर्थ मन्त्रालयका सहसचिव श्रीकृष्ण नेपालले जानकारी दिए । नेपाल सरकारले सैद्धान्तिक स्वीकृति दिएपछि सहमतिले औपचारिकता पाउनुका साथै वित्तीय व्यवस्थापनसम्बन्धी सम्झौता हुनेछ । यो परियोजनामा विश्व बैंकको सहवित्तीयकरणमा अन्तरािष्ट्रिय वित्तीय संस्थाको सहुलियतपूर्ण ऋण र स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट गरी ७० प्रतिशत ऋण लगानी जुटाउने र ३० प्रतिशत स्वपुँजी (इक्विटी) बाट वित्तीय व्यवस्थापन गर्ने तयारी छ ।

उक्त परियोजना निर्माणको लागत अनुमान भने टुंगिसकेको छैन । माथिल्लो अरुण परियोजनाको पूर्वतयारीका कार्यमा दुई किलोमिटर सुरुङमार्ग र २१ किलोमिटर पहुँचमार्ग निर्माण अघि बढेको छ । परियोजनाका लागि आवश्यक जग्गा प्राप्ति र मुआब्जा वितरण करिब सकिएको मन्त्रालयले जनाएको छ ।

अर्थमन्त्री पुन र अमेरिकी विकास संस्था यूएस इन्टरनेशनल डेभलपमेन्ट फाइनान्स कर्पोरेशन (डीएफसी) का प्रमुख कार्यकारी अधिकृत (सिईओ) स्कट नाथनबीच भेटावार्ता भएको छ । भेटमा अर्थमन्त्री पुनले नेपालमा विदेशी लगानीका लागि उपयुक्त वातावरण बनाउन सरकार प्रतिबद्ध रहेको उल्लेख गरे ।

नेपालले निजी क्षेत्रलाई विकास र समृद्धिको साझेदारका रूपमा सँगसँगै अघि बढाउने नीति लिएको स्पष्ट पार्नुहुँदै अर्थमन्त्री पुनले निजी क्षेत्रको प्रवर्द्धन र लगानी सहजीकरणका लागि विभिन्न कानूनी, प्रक्रियागत तथा प्रशासनिक झन्झट हटाउने बाटोमा रहेको बताए । नेपालको ऊर्जा क्षेत्रमा लगानीको सम्भावना राम्रो रहेकाले अमेरिकी लगानीकर्तालाई नेपालमा आएर लगानी गर्न पनि अर्थमन्त्री पुनले अपिल गरे । डीएफसी विभिन्न देशका निजी क्षेत्रसँग साझेदारी गरी विकासशील देशले सामना गरिरहेको चुनौतीहरूको समाधानका लागि लगानी गर्ने संस्था हो ।

## कर्पोरेट

### गरिमा विकास बैंक र टान गण्डकीबीच सम्झौता



**काठमाडौं (प्रस)–** गरिमा विकास बैंक लिमिटेड र ट्रेकिङ एजेन्सी एसोसिएसन अफ नेपाल (टान) गण्डकी बीच सदस्य संस्थाहरूलाई बैंकको विभिन्न प्रकारका कर्जाहरूमा सहुलियत सहितको सेवा उपलब्ध गराउने सम्झौता भएको छ । उक्त सम्झौता पत्रमा बैंकको तर्फबाट क्षेत्रिय कार्यालय पोखराका क्षेत्रिय प्रबन्धक भोला प्रसाद तिवारी र टान गण्डकीको तर्फबाट अध्यक्ष धर्मराज पन्थीले हस्ताक्षर गरेका छन् ।

उक्त सम्झौता अनुसार टानका सदस्यहरूलाई गरिमा विकास बैंक लिमिटेडले अधिकतम रु ५० लाख सम्म गरिमा सरल एसएमई आवधिक र ओभरड्राफ्ट कर्जा नियम अनुसार सहुलियत ब्याजदरका साथ उपलब्ध गराउनेछ र साथै रु ५ लाख सम्म को बैंक ग्यारेन्टी मात्र १० प्रतिशतको नगद मार्जिनमा उपलब्ध गराउनेछ । यी सेवाहरूले गर्दा टान सदस्यहरूलाई व्यापार व्यवसायमा सहजीकरण हुने बैंकले विश्वास लिएको छ । इच्छुक सदस्यहरूले आफुलाई पायक पर्ने यस विकास बैंकको कुनै पनि शाखा कार्यालयमा सम्पर्क गरी सेवा लिनसकिनेछ । साथै, यस सम्झौता पश्चात टानले गरिमा विकास बैंकलाई बैंकिंग पार्टनरको रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ । यसअघि बैंकले टानको केन्द्रिय संगठन सभ्मग काठमाण्डौमा यसै किसिमको सम्झौता गरिसकेको छ । काठमाण्डौंको लाजिम्पाटमा केन्द्रीय कार्यालय रहेको गरिमा विकास बैंक लिमिटेडले काठमाण्डौं उपत्यकाभित्र २२ सहित देशभर १२३ शाखा कार्यालय, १ एक्सटेन्सन काउण्टर र ५१ वटा एटीएममार्फत ग्राहकहरूलाई वित्तीय सेवा प्रदान गर्दै आईरहेको छ ।

### तुल्सीपुर मालपोत कार्यालयमा ग्लोबल आइएमईको एक्सटेन्सन काउन्टर

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले तुल्सीपुर उप-महानगरपालिका वडा नं. ६, मदनआश्रित चोक, तुल्सीपुरस्थित मालपोत कार्यालयमा नयाँ एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ । तुल्सीपुर उप-महानगरपालिका प्रमुख टिकाराम खड्काले एक समारोहकाबिच उक्त एक्सटेन्सन काउन्टरको उद्घाटन गरेका छन् ।

सेवाग्राहीको बढ्दो चाप र आवश्कतालाई मध्यनजर गर्दै बैंकले नयाँ एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याइएको हो । यो काउन्टर सञ्चालनमा आएसँगै बैंकका एक्सटेन्सन तथा राजश्व संकलन काउन्टरहरूको संख्या ६८ पुगेको छ । नयाँ एक्सटेन्सन काउन्टरबाट निक्षेप सङ्कलन, नगद भुक्तानी, मोबाइल तथा अनलाइन बैंकिंग सेवा, रेमिट्यान्सको सुविधा लगायत सबै किसिमका साधारण बैंकिंग सेवाहरू उपलब्ध हुनेछन् ।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३७९ एटिएम, २७७ शाखा रहित बैंकिंग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा




बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्र रहेका छन् ।

ग्लोबल आइएमई बैंकलाई सबैंका लागि बैंक बनाउँदै बैंकले विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आफ्ना ४६ लाख भन्दा बढी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरी लावान्भित गरिरहेको छ । त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।

### महालक्ष्मी विकास बैंकको महिला उद्यमी लक्षित सशक्तीकरण अभियान




**काठमाडौं (प्रस)–** महालक्ष्मी विकास बैंकले महिला उद्यमीहरूलाई सार्वजानिक यातायातको क्षेत्रमा विद्युतीय सवारीको माध्यमबाट महिला सशक्तीकरण गर्ने उद्देश्यका साथ एक अभियानको शुभारम्भ गरेको छ । हरित परिवहनको माध्यमबाट महिला सशक्तीकरण भन्ने मुल उद्देश्यका साथ धुलिखेल नगरपालिकाका विभिन्न महिला उद्यमीहरूलाई विद्युतीय सवारीको साँचो हस्तान्तरण गरिएको थियो । पर्यावरणीय मैत्री यातायातको बढ्दो माग र आवश्यकतालाई सम्बोधन गर्न अन्य स्थानीय तहहरूमा समेत बैंकले हरित कर्जा अन्तर्गत यस्तो अभियान थप विस्तार गर्दै जानेछ ।

'सबल बैंक, सफल सहकार्य' को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत २९ वर्ष देखि अनवरत रूपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस बैंकको देशभर १०३ शाखा कार्यालयहरू र करिब ७ लाख ग्राहकहरू रहेका छन् । साथै मिति २०८०/०९/२८ मा सम्पन्न बैंकको २२ औ वार्षिक साधारण सभाबाट विदेशी बैंक वा वित्तीय संस्थालाई रणनीतिक साझेदारको रूपमा ल्याउन प्रस्ताव समेत पारित भएको छ ।

## भिमादका कृषकले सुन्तला बेचेर भित्र्याए तीन करोड



■ प्रभाव संवाददाता

**दमौली (तनहुँ)** – तनहुँको भिमाद नगरपालिकाका कृषकले यस वर्ष सुन्तला बिक्री गरेर करिब रु तीन करोड आम्दानी गरेका छन् । नगरपालिकाका चार वडाका कृषकले यस वर्ष सुन्तला बिक्री गरी रु दुई करोड ९० लाख आम्दानी गरेका हुन् ।

भिमाद-१, ५, ८ र ९ का किसानले दुई सय २२ टन सुन्तला बिक्री गरेका नगरपालिकाका कृषि सेवा शाखा प्रमुख कृष्ता महतोले जानकारी दिए । त्यसमध्ये वडा नं ८ अस्पादीबाट मात्रै रु एक करोड ५० लाखको सुन्तला बिक्री भएको उनले बताए । उनले भने, 'अस्पादीका कृषकले एक सय ६६ टन सुन्तला बिक्री गर्नुभएको तथ्याङ्क छ । अन्य वडाको तुलनामा यो वडामा बढी सुन्तला उत्पादन हुने गर्दछ ।'

कृषि सेवा शाखा प्रमुख महतोका अनुसार चार वडालाई नगरपालिकाले पकेट क्षेत्रको रूपमा घोषणा गरेको छ । पकेट क्षेत्रका सुन्तला कृषकलाई नगरपालिकाले विभिन्न सामग्री सहयोग गर्दै आएको उनको भनाइ छ । पकेट क्षेत्रका वडाहरूमा एक सय ५० रोपनी क्षेत्रफलमा सुन्तला खेती गरिएको छ ।

नगरपालिकाले चालु आव २०८०/८१ मा वडा नं ५ लाई पनि सुन्तला पकेट क्षेत्रको रूपमा विकास गरेको छ । यो वडाको मिछुर्लुङ क्षेत्र सुन्तला पकेट कार्यक्रममा ३३ जना कृषक आबद्ध छन् । उक्त समूहलाई यसै वर्ष सुन्तला खेती प्रवर्द्धनका लागि रु छ लाख सहयोग गरिएको कृषि अधिकृत हरिप्रसाद गैह्रेले जानकारी दिए ।

तनहुँमा यो वर्ष रु ३० करोड बराबरको सुन्तला बिक्री भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । कार्यालयका अनुसार गत वर्ष रु २९ करोड बराबरको सुन्तला उत्पादन भएको थियो । प्रत्येक वर्ष जिल्लामा सुन्तला उत्पादन बढेको छ । सुन्तला खेतीबाट मनग्य आम्दानी हुन थालेपछि कृषक यसतर्फ आकर्षित हुँदै गएका छन् ।

जिल्लाका आठ हजार पाँच सय ७० हेक्टर क्षेत्रफलमा सुन्तला खेती विस्तारको सम्भावना रहेको छ । कार्यालयले सुन्तला खेती कृषकलाई बगैंचा व्यवस्थापनमा सहयोग गर्दै आएको छ ।

कार्यालयका सूचना अधिकारी किरण परियारका अनुसार देवघाट-२ र ३, आँबुखैरेनी-५, म्याग्दे ४, व्यास-७, १३ र १४, भिमाद- ८ र ९, बन्दीपुर-३, ऋषिङ-३ र घिरिङमा सुन्तला खेती विस्तारको सम्भावना छ । तनहुँमा उत्पादित अधिकांश सुन्तला काठमाडौँका व्यापारीले लैजाने गरेका उनले बताए ।

सुन्तला खरिदका लागि व्यापारी बगैंचासम्म पुग्ने गरेका छन् । काठमाडौँका साथै पोखरा, नारायणगढ लगायतका ठाउँमा यहाँको सुन्तला बिक्री हुने गरेको छ । यसका साथै जिल्लाकै दमौली, दुलेगौडा, खैरेनीटार, भिमाद लगायतका ठाउँमा यहाँको सुन्तला बिक्री हुने गरेको किसान बताउँछन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ